सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ वैशाख २०८१, बिहीबार (18 April 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बागमती प्रदेशमा खाना-खाजा र बैठक भत्ता संघको भन्दा चार गुणासम्म धेरै

महालेखापरीक्षकको कार्यालयले उठायो प्रश्न



वैकुण्ठबहादुर अधिकारी, प्रवक्ता, महालेखापरीक्षकको कार्यालय

खर्चमा मितव्ययिता सरकारको मूल नीति हो। सोहीअनुसार संघीय सरकारले मापदण्ड नै बनाएर खर्च कटौती गर्दै आएको छ। तर, बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको खर्च मापदण्ड संघीय सरकारको मापदण्डसँग मेल खाएन। निकै महँगो देखियो। यसप्रति महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण भएको छ। यस विषयमा गहन अध्ययन भएका छन्। आवश्यक प्रश्न प्रतिवेदनमा उल्लेख गरिएका छन्। प्रदेश सरकारको सम्पूर्ण बजेट संघबाटै जान्छ। त्यसो हुँदा खर्च पनि संघीय सरकारको मापदण्डअनुसार नै हुनुपर्छ, नत्र न्यायसम्मत हुँदैन।

टेकराज थामी/नयाँ पत्रिका

संघीय सरकारले बैठक तथा सेमिनारमा खानाका लागि प्रतिसहभागी एक सय ५० रुपैयाँसम्म खर्च गर्न सकिने निर्देशिका बनाएको छ। तर, यही शीर्षकमा बागमती प्रदेश सरकारले ६ सय रुपैयाँ खर्च गर्दै आएको छ। संघभन्दा बागमतीको यो दररेट चार गुणा धेरै हो।

खानामा मात्रै होइन, अरू शीर्षकमा पनि संघको भन्दा बागमतीको दररेट अस्वाभाविक उच्च छ। संघीय सरकारअन्तर्गत अर्थ मन्त्रालयले जारी गरेको 'कार्यसञ्चालन निर्देशिका, २०७०'मा मसलन्द शीर्षकमा प्रतिसहभागी सय रुपैयाँ मात्रै खर्च गर्न सकिने दररेट तोकिएकोमा बागमती प्रदेश सरकारले तीन सय प्रतिशतले धेरै अर्थात् तीन सय खर्च गर्दै आएको छ। त्यस्तै, खाजामा संघीय सरकारले प्रतिसहभागी एक सय ५० रुपैयाँ तोकेकोमा बागमतीले दुई सय ६६ प्रतिशत धेरै चार सय रुपैयाँ दररेट चलाएको छ। बागमतीले 'प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८' एक वर्षअघिदेखि कार्यान्वयनमा ल्याएको हो।

» पृष्ठ २ मा क्रमशः

■ संघीय र बागमती सरकार : कुन शीर्षकको खर्च कति फरक ?



बैठक भत्ता (प्रतिबैठक)

संघ		बागमती
१५००	संवैधानिक पदाधिकारी वा रा.प्र. विशिष्ट श्रेणीको अध्यक्षतामा भएको बैठक	२०००
	प्रमुख सचिव, प्रदेश सचिव वा प्रदेश कानुनबमोजिम गठित आयोगका पदाधिकारीको अध्यक्षतामा भएको बैठक	
१०००	अन्य पदाधिकारी वा व्यक्तिको अध्यक्षतामा भएको बैठक	१५००
	महाशाखा प्रमुख वा कार्यालय प्रमुख वा अन्य पदाधिकारीले अध्यक्षता गरेको बैठक	

पेट्रोल (प्रतिमहिना)

१०० लिटर	सचिव/विशिष्ट श्रेणी	प्रमुख सचिव	१२० लिटर
७२ लिटर	सहसचिव	प्रदेश सचिव	१०० लिटर
		महाशाखा, विभागीय तथा कार्यालय प्रमुख	७० लिटर

खाजा-खाना भत्ता (प्रतिदिन)

संघ		बागमती
२५०	अतिरिक्त समयमा काम गर्ने कर्मचारीका लागि	४००
५००	सार्वजनिक बिदाको दिन काम गर्ने कर्मचारीका लागि	६००

तालिम गोष्ठीतर्फ (प्रतिगोष्ठी)

७००	गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्रको टिप्पणीकर्ता	९००
१०००	सीप विकास तालिमको मुख्य प्रशिक्षक	१४००
७००	सीप विकास तालिमको सहायक प्रशिक्षक	१०००
७००	कार्यशालाबापत	१०००
५००	कक्षा सञ्चालनबापत	७००
१५०	खाजा	४००
१५०	खाना	६००
१००	मसलन्द	३००
५००	संयोजक भत्ता	८००
१५०	सहयोगी भत्ता	४००
१०००	प्रतिवेदन पारिश्रमिक	१५००

खर्च मापदण्डमा एकरूपता भए राम्रो हुन्छ



● **रितेश शाक्य, प्रमुख बजेट महाशाखा, अर्थ मन्त्रालय**

खर्च प्रणालीलाई व्यवस्थित गर्न सरकारले एउटा मापदण्ड बनाएको छ। सोही मापदण्डभित्र रहेर संघमातहतका कार्यालयले खर्च गर्दै आएका छन्। कतिपयमा प्रदेशमा खर्च मापदण्ड नै छैन, भएका केहीको पनि संघसँग मेल खाएको देखिँदैन। केही हदसम्म प्रदेशले मातहतका कार्यालयमा स्वतन्त्रपूर्वक मापदण्ड बनाउन सक्छ। तर, सकेसम्म एकरूपता भएको राम्रो हो।

प्रदेशले संघकै मापदण्ड पालना गर्दा ठीक हुन्छ



● **लक्ष्मीकुमार रिमाल, प्रवक्ता आर्थिक मामिला मन्त्रालय, बागमती प्रदेश**

बागमती प्रदेश सरकारले ०७८ मा तयार गरेको खर्च मापदण्ड नै कार्यान्वयनमा छ। यसमा उल्लेखित केही दररेट संघीय सरकारको भन्दा महँगो देखिएका छन्। संशोधन नभएर त्यस्तो भएका हुन् कि ! खर्च कटौतीका सवालमा प्रदेश सरकारले संघकै मापदण्ड पालना गर्दा ठीक हुने हो। हुन त हाम्रोमा भएको मापदण्ड संघअन्तर्गतकै अर्थ मन्त्रालयका प्रतिनिधि बसेर बनाएजस्तो लाग्छ।

एमालेको असहमतिले सुदूरपश्चिम मुख्यमन्त्रीमा एकीकृत समाजवादीको दाबी पेस हुन सकेन

सोडारीको सट्टा अर्को अनुहार ल्याउन दबाब

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा मुख्यमन्त्री एकीकृत समाजवादीलाई दिने सहमति भए पनि फेरि बखेडा सुरु भएको छ। समाजवादीले मुख्यमन्त्रीमा अघि सारेका संसदीय दलका नेता दीर्घ सोडारीको नाममा एमालेले असन्तुष्टि जनाएपछि गठबन्धनबाट बुधबार मुख्यमन्त्रीमा दाबी पेस हुन सकेन।

केन्द्रमा गठबन्धनका शीर्ष नेताबीच मंगलबार सुदूरपश्चिम सरकारको नेतृत्व एकीकृत समाजवादीलाई दिने सहमति भएको थियो। सो सहमतिपछि संसदीय दलको बैठकले सोडारीलाई मुख्यमन्त्रीका रूपमा अघि सार्ने सर्वसम्मत निर्णय गरेको थियो। उनी बुधबार बिहान दाबी पेस गर्ने तयारीमा थिए। तर, सोडारीलाई मुख्यमन्त्री बनाउन एमाले नेताहरू सहमत नभएपछि दाबी परेन।

■ नेकपा एसकी प्रदेश इन्चार्ज गरिमा शाह, भन्छिन्-



मुख्यमन्त्रीमा कसलाई अघि सार्ने हाम्रो पार्टीको विषय हो। संसदीय दलले निर्णय गरिसकेको छ। यो व्यक्ति भए हुन्छ, नभए हुँदैन भनेर अर्काको पार्टीमा खेल्न र विवाद ल्याउन खोजेको देखिन्छ। अन्य प्रदेशमा हामीले पनि यो व्यक्ति हुँदैन, त्यो ल्याउनुपर्छ भन्यौं भने के हुन्छ ?

मुख्यमन्त्रीमा दाबी पेस गर्न गठबन्धनका दलहरू दिनभर एमालेलाई पर्खेर बसेका थिए। तर, पार्टी केन्द्रबाट सोडारीलाई समर्थन नगर्न संकेत पाएपछि प्रदेशमा एमाले नेताहरू बुधबार गठबन्धनको छलफलमै गएनन्। पार्टी केन्द्रको निर्देशन नआएको भन्दै एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल सोडारीलाई मुख्यमन्त्री बनाउने सहमतिपत्र दिन तयार भएनन्। सोडारीको नामप्रति पार्टी केन्द्रीय नेतृत्वले नै असहमति जनाएको एमाले नेताहरूले बताएका छन्। स्रोतका अनुसार विगतमा उनी मन्त्री हुँदा विवादित रहेको भन्दै एमालेले नेकपा एसबाट सोडारीबाहेक अन्य जुनसुकै सांसदलाई अघि सार्दा स्वीकार गर्ने बताएको छ। सोडारी र एमाले नेताहरूबीच पार्टी विभाजनका क्रममा तिक्त सम्बन्ध थियो।

'सोडारीको नामप्रति पार्टी केन्द्रबाटै असहमति देखिएपछि यहाँ नेताहरूले समर्थन गर्न तयार नभएका हुन्,' एमालेका एक सांसदले भने, 'यहाँ विकल्प खोज्नुपर्ने कुरा केन्द्रीय तहमा पनि भएको बुझिएको छ।' एमाले प्रदेश सांसद धर्मराज पाठकले यसबारे केन्द्रमै शीर्ष नेताहरूबीच छलफल भइरहेको बताए। 'केन्द्रमा शीर्ष तहमा यस विषय (सोडारीको नाममा) मा असहमति रहेको भन्ने आएको छ,' उनले भने, 'केन्द्रमै केही सहमति बन्ला।'

नेकपा एसले भने व्यक्तिलाई लिएर एमालेले पार्टीभित्र खेल्न खोजेको जनाएको छ। पार्टी प्रदेश इन्चार्ज गरिमा शाहले प्रदेश सरकारको नेतृत्व

» पृष्ठ २ मा क्रमशः

शैक्षिक सत्र ०८२ का लागि पुस्तक छाप्न सुरु

०८२ मा पाठ्यपुस्तक परिमार्जन नहुने, छापेर राख्दा अर्को वर्ष थप छिटो ढुवानी गर्न सकिने जनक शिक्षाको भनाइ

शिवहरि घिमिरे/नयाँ पत्रिका

यस वर्ष शैक्षिक सत्र सुरु हुनुअघि नै पाठ्यपुस्तक छापेर बिक्री-वितरण गरिसकेको जनक शिक्षा सामग्री केन्द्रले ०८२ का लागि समेत पुस्तक छाप्न थालेको छ। पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिएर बुधबारदेखि जनक शिक्षाले आगामी शैक्षिक सत्रका लागि पाँचदेखि १० कक्षासम्मको पाठ्यपुस्तक छाप्न थालेको हो।



● **अनिल झा, प्रबन्ध सञ्चालक, जनक शिक्षा**

इतिहासमै पहिलोपटक एक वर्षअघिदेखि नै पुस्तक छाप्न थालेका छौं। हामीसँग भएको बजेटले अहिले पुस्तक छाप्छौं, बिक्री-वितरण र ढुवानी गर्ने वेलामा स्थानीय तह र पाठ्यक्रम विकास केन्द्रसँग बजेट लिन्छौं। १ देखि १० कक्षासम्मका एक करोड ७० लाख थान पाठ्यपुस्तक छाप्न एक अर्ब ७० करोड रुपैयाँ खर्च लाग्ने अनुमान छ।

पाठ्यक्रम विकास केन्द्रले आगामी शैक्षिक सत्रमा कुनै पनि पाठ्यपुस्तक परिमार्जन नहुने जनाएको जनक शिक्षाको भनाइ छ। शैक्षिक सत्र ०७९ अघिसम्म कक्षा सञ्चालन भइसक्दासमेत पाठ्यपुस्तक छपाइ सकिँदैन थियो। जसका कारण जनक शिक्षाको आलोचना हुने गरेको थियो। तर, शैक्षिक सत्र ०७९ यता भने समयमै पाठ्यपुस्तक छपाइ र वितरण भइरहेको छ। अझ एक वर्षअघि नै पुस्तक छापेर राखिँदा विगतमा जस्तो पाठ्यपुस्तक अभावको समस्या अब सुन्नु नपर्ने जनक शिक्षाको दाबी छ। जनक शिक्षाका अनुसार पहिलो चरणमा पाँचदेखि १० कक्षासम्मका पाठ्यपुस्तक छपाइ गरिनेछ। यसपछि तल्ला तहका पाठ्यपुस्तक छापिनेछन्।

» पृष्ठ २ मा क्रमशः

लागुऔषध मुद्दामा पक्राउ परे एन्फा उपाध्यक्ष लामा



काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)का उपाध्यक्ष दावा लामा १८ वर्षअघिको लागुऔषध मुद्दामा पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले फरार सूचीमा रहेका लामालाई बुधबार पक्राउ गरेको हो। लागुऔषध मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका लामालाई फैसला

» पृष्ठ २ मा क्रमशः

एक साता बित्दा पनि उठेन भीमाको शव

अस्पतालको लापरबाहीले मृत्यु भएको आफन्तको आरोप

सुर्खेत/ गत २९ चैतमा कर्णाली प्रदेश अस्पताल सुर्खेतमा उपचारका क्रममा मृत्यु भएकी भीमा गुरुङको शव अझै उठ्न सकेको छैन। दैलेखको आठबिसकोट नगरपालिका- ५ पीपलकोटकी २२ वर्षीया गुरुङ सामान्य पेट दुखाइपछि २८ चैतमा हिँडेरै अस्पताल पुगेकी थिइन्।

अस्पतालका डाक्टरले पाठेघरमा सालनाल रहेकाले सामान्य सफाइ गर्नुपर्ने भनी भर्ना गरेका थिए। २९ चैतमा डाक्टरहरूको टिमले यो केस सामान्य भएकाले चिन्ता नगर्नू भनी आफन्तलाई भनेर शल्यक्रिया कक्षमा लगिएको भीमाका बुबा गोविन्दबहादुर गुरुङले बताए। 'अपराह्न पौने ३ बजेसम्म सबै ठीकै छ भनेर रगत चढाइरहेकोमा एक्कासि ३ बजेतिर तपाईंको बिरामीको

» पृष्ठ २ मा क्रमशः



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



सुनकोशी-मरिन डाइभर्सन सुरुङको 'ब्रेक थ्रु' २६ वैशाखमा



तराईको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य

विस्तृत समाचार पृष्ठ ६ मा

उपत्यकाका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै



नमुना विद्यालयमा पनि भौतिक संरचना र जनशक्तिले नधान्ने भएपछि विद्यार्थी फिर्ता गर्नुपर्ने बाध्यता

विस्तृत समाचार पृष्ठ ३ मा

काठमाडौं महानगरमा २ सय ४२ सहकारीविरुद्ध ६ हजार उजुरी

अनुगमन गरिएका सहकारी नियमसम्मत सञ्चालन भएको भेटिएन

शान्ति तामाङ / नयाँ पत्रिका

काठमाडौं महानगरपालिकामा दुई सय ४२ सहकारीविरुद्ध ६ हजार उजुरी दर्ता भएका छन् । यी सहकारीले बचतकर्ताको करिब एक खर्ब रकम फिर्ता गर्न बाँकी छ ।

महानगरका सहकारी विभाग निर्देशक बलराम त्रिपाठीका अनुसार करिब तीन हजार उजुरी भने सामान्य सहमतिमा फिर्ता भएका छन् । 'हाल महानगरको कार्यक्षेत्रमा एक हजार नौ सय सहकारी छन् । यीमध्ये दुई सय ४२ सहकारीविरुद्ध ६ हजार उजुरी दर्ता भएका छन् । तीन हजार उजुरी भने सामान्य सहमतिका आधारमा फिर्ता भइसकेका छन् । विभागमा अहिले पनि दैनिक दुई-तीनवटा उजुरी आउँछन्,' त्रिपाठीले भने, 'बचत गरेको रकम सहकारीले फिर्ता नदिएको, तोकिएबमोजिम ब्याज प्राप्त नभएकोलगायत उजुरी परेका छन् ।'

त्रिपाठीले केही उजुरी सहकारी सञ्चालकले बचतकर्ता र ऋणीविरुद्ध पनि दर्ता गरेको बताए । बचतकर्ताले धम्क्याएको, ऋणीले ऋण नतिरेको, ऋणीबाट पैसा असुलउपर नहुन्जेल घरजग्गा रोक्का राखिदिनुपर्नेलगायत उजुरी परेको उनले बताए ।

पछिल्लो समय सहकारीसँग सम्बन्धित विभिन्न समस्या देखिन थालेपछि महानगरले गत १६ चैतदेखि अनुगमनसमेत थालेको छ । यसबीचमा पाँच सहकारीमा अनुगमन भएकोमा कुनै पनि नियमसम्मत सञ्चालन भएको नभेटिएको त्रिपाठीले जानकारी दिए ।

'सुमेरु बचत ऋण तथा सहकारी संस्था लिमिटेड, महागुठी बहुउद्देश्यीय सहकारी, अग्रिम बचत तथा ऋण सहकारी, साई बचत तथा ऋण सहकारी र पर्यटन व्यवसायी विकास बचत तथा ऋण सहकारीको अनुगमन भइरहेको छ । तर, यी कुनै पनि सहकारी पूर्ण रूपमा कानुनसम्मत सञ्चालित भएको पाइएन,' उनले भने, 'महानगरभित्र भएका सबै सहकारीलाई ट्र्याकमा नल्याई अनुगमन छाड्दैनौं ।'

महानगरले पहिलो चरणमा ४० सहकारीको अनुगमन गर्ने सूची तयार पारेको छ । त्यसपछि दोस्रो चरणको काम थाल्नेछ । नियमअनुसार सञ्चालन नभएका सहकारीविरुद्ध प्रहरीमा उजुरीसमेत गर्दै जाने महानगरले जनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत सहकारीसम्बन्धी अधिकार पनि छ । जसअन्तर्गत सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मापदण्ड निर्धारण, नियमन, सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन-अनुसन्धानलगायत छन् ।

८६ सहकारीको अनुसन्धान गर्न प्रहरीलाई पत्र

महानगरले ८६ सहकारीलाई कारबाही गर्न प्रहरीमा उजुरी गरेको छ । बचत तथा ऋण सहकारीहरू न्युज डेभलपमेन्ट, अष्ट मंगल ढुकु पिकु, चाइना टाउन, समुन्नत, बिजनेस, एलपिजी, लक्षपमबास, सुर्योदय ज्योति, स्वतन्त्र शान्ती, र मानापाथी छन् । त्यस्तै, ल्होत्से, सोसाइटी, तिब्र, उपासी, सिर्कादेवी, ऊँ बटु, हलमार्क र सम्यक बचत तथा ऋण सहकारी संस्थालाई पनि कारबाही गर्न प्रहरीमा उजुरी परेको छ । ए टु जेड, पानी ट्यांकी, उन्नती, मुस्किलमा सजिलो, मनसुन, जनमत, आनन्द नगर, सुपर टप, जनजीविका, अस्मोसिस महिला चालक मजदूर, जिलेट, गृह शान्ती, सर्वश्री र कान्ती बचत तथा ऋण सहकारी संस्थामाथि पनि अनुसन्धान गर्न प्रहरीमा पत्र गएको छ । त्यस्तै, संघर्ष, हेल्प विथ अस, नमस्ते गोसाइकुण्ड, द नेक्स्ट, जाम्बाला, पुण्यभुमी, जय हनुमान, सुख समृद्धि, डेभलपमेन्ट, आरक्ष, नव संकल्प, अमृताम्भ, पर्फेक्ट, अष्ट, स्वर्णकालीन, हाम्रो भकारी, जनमिलन, मिनी, हिराखुशी र ट्रेजर बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पनि कारबाही माग गरिएको छ । त्यस्तै, बहुउदेश्यीय सहकारी संस्थाहरू स्वर्ण पथ, हितकोष, मध्यबिन्दू र किरणोदयविरुद्ध महानगरले प्रहरीलाई पत्र पठाएको छ । उजुरी गरिएको पर्फेक्ट बचत तथा ऋण सहकारीले भने बचत फिर्ता गरिरहेको महानगरले जनाएको छ ।

बागमती प्रदेशमा...

पृष्ठ १ बाट क्रमशः

बागमती सरकारले कार्यान्वयनमा ल्याएको चर्को दररेटको खर्च मापदण्डमाथि महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ । महालेखापरीक्षकको कार्यालयका प्रवक्ता वैकुण्ठबहादुर अधिकारीले बागमती सरकारले कार्यान्वयनमा ल्याएको खर्च मापदण्ड संघीय सरकारको भन्दा महँगो देखिएको हुँदा यसपटकको लेखापरीक्षणमा प्रश्न उठाइएको जानकारी दिए । 'खर्चप्रति मितव्ययिता सरकारको मूल नीति हो । सोहीअनुसार संघीय सरकारले मापदण्ड नै बनाएर खर्च कटौती गर्दै आएको छ । तर, बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको खर्च मापदण्ड संघीय सरकारको मापदण्डसँग मेल खाएन । निकै महँगो देखियो । यसप्रति महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण भएको छ । यस विषयमा गहन अध्ययन भएका छन् । आवश्यक प्रश्न प्रतिवेदनमा उल्लेख गरिएका छन्,' उनले भने ।

तालिम र गोष्ठीतर्फ मात्रै होइन, बागमती प्रदेशले सरकारमातहत हुने नियमित बैठकको भत्तासमेत बढाएको छ । बागमती प्रदेशले सरकारमातहत हुने नियमित बैठकको भत्तासमेत बढाएको छ । संघीय सरकारमातहत संवैधानिक पदाधिकारी वा राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारको अध्यक्षतामा भएको बैठकमा सहभागीले प्रतिबैठक एक हजार पाँच सय रुपैयाँ भत्ता पाउँछन् । तर, बागतमी प्रदेशमातहतका प्रमुख सचिव, प्रदेश सचिव र प्रदेश कानुनबमोजिम गठित आयोगका पदाधिकारीको अध्यक्षमा भएको बैठकमा सहभागीले दुई हजार रुपैयाँ भत्ता बुझ्दै आएका छन् ।

त्यस्तै, संघीय सरकारमाहतका अन्य पदाधिकारी वा व्यक्तिको अध्यक्षतामा भएको बैठकमा सहभागीले हजार रुपैयाँ भत्ता बुझ्ने नियम छ । तर, बागमती प्रदेशमातहतका महाशाखा तथा कार्यालय प्रमुख र अन्य पदाधिकारीको अध्यक्षतामा भएको बैठकमा सहभागीले एक हजार पाँच सय रुपैयाँ भत्ता बुझ्दै आएका छन् । यो दररेट संघीय सरकारको भन्दा एक सय ३३ प्रतिशतले धेरै हो ।

बागमती प्रदेश आर्थिक मामिला मन्त्रालयका प्रवक्ता लक्ष्मीकुमार रिमाल केही शीर्षकको दररेट संघीय सरकारको भन्दा महंगो भएको स्वीकार्दै संघकै मापदण्ड पालना गर्नु ठिक हुने बताउँछन् । 'बागमती प्रदेश सरकारले ०७८ मा तयार गरेको खर्च मापदण्ड नै कार्यान्वयनमा छ । यसमा उल्लेखित केही दररेट संघीय सरकारको भन्दा महँगो देखिएको छ । संशोधन नभएर त्यस्तो भएको हो कि ! खर्च कटौतीका सवालमा प्रदेश सरकारले संघकै मापदण्ड पालना गर्दा ठीक हुने हो,' उनले भने, 'हुन त हाम्रोमा भएको मापदण्ड संघअन्तर्गतकै अर्थ मन्त्रालयका प्रतिनिधि बसेर बनाएजस्तो लाग्छ ।'

अतिरिक्त समयमा काम गर्ने कर्मचारीका लागि दिइने खाजा र खानाको दररेट पनि संघीय सरकारको मापदण्डभन्दा बागमती प्रदेश सरकारको महँगो छ । संघीय सरकारमातहत रहेका कार्यालयका कर्मचारीले खाजा र खानामा प्रतिदिन दुई सय ५० रुपैयाँ पाउँछन् । तर, बागमती प्रदेशमातहतका कर्मचारीले सोही शीर्षकमा चार सय रुपैयाँ बुझ्दै आएका छन् । त्यस्तै, संघीय सरकारमातहतका कर्मचारीले सार्वजनिक बिदामा काम गरेको दिन खाना र खाजाबापत पाँच सय रुपैयाँ लिने गर्छन् । तर, प्रदेश सरकारमातहतका कर्मचारीले सोही शीर्षकमा प्रतिदिन ६ सय रुपैयाँ लिँदै आएका छन् ।

संघीय अर्थ मन्त्रालयको बजेट महाशाखा प्रमुख रितेश शाक्य पनि संघ र प्रदेशको खर्च मापदण्डमा एकरुपता भए राम्रो हुने बताउँछन् । 'खर्च प्रणालीलाई व्यवस्थित गर्न सरकारले एउटा मापदण्ड बनाएको छ । सोही मापदण्डभित्र रहेर संघमातहतका कार्यालयले खर्च गर्दै आएका छन् । जहाँसम्म प्रदेशको सवाल छ, कतिपयमा त खर्च मापदण्ड नै छैन । मापदण्ड भएकाहरूको पनि संघसँग मेल खाएको देखिँदैन,' उनले भने, 'केही हदसम्म प्रदेशले मातहतका कार्यालयमा स्वतन्त्रपूर्वक मापदण्ड बनाउन सक्छ । बागमती प्रदेशको हकमा त्यही भएको होला । तर, यस्ता मापदण्डमा सकेसम्म एकरूपता भए राम्रो हो ।'

संघीय सरकारमातहतका सचिव र सहसचिवले पेट्रोल प्रतिमहिना क्रमशः सय लिटर र ७२ लिटर लिने गर्छन् । तर, प्रदेश सरकारमातहतका मुख्यसचिव, प्रदेश सचिव र महाशाखा, विभाग तथा कार्यालय प्रमुखले क्रमशः एक सय २० लिटर, सय लिटर र ७० लिटर पेट्रोल लिँदै आएका छन् । प्रदेश सरकारको सम्पूर्ण खर्च संघबाट पठाउनुपर्ने भएकाले खर्च पनि संघीय मापदण्डअनुसार नै हुनुपर्ने महालेखापरीक्षकको कार्यालयका प्रवक्ता अधिकारीले बताए ।

'प्रदेश सरकारको सम्पूर्ण बजेट संघबाटै जान्छ । त्यसो हुँदा खर्च पनि संघीय सरकारको मापदण्डअनुसार नै हुनुपर्छ, नत्र न्यायसंगत हुँदैन,' उनले भने, 'प्रदेश सरकारले मनग्य आम्दानी गरेको खण्डमा खर्च गर्न सक्छ । उसले अन्य प्रदेशलाई पनि आर्थिक सहयोग गर्न सक्छ, तर अहिले त्यस्तो छैन । त्यसैले सबै प्रदेश संघीय सरकारले नै बनाएको खर्च मापदण्डअनुसार चल्नुपर्छ ।'

शैक्षिक सत्र...

पृष्ठ १ बाट क्रमशः

पहिले नै पाठ्यपुस्तक छापेर राख्दा अर्को वर्ष थप छिटो ढुवानी गर्न सकिने जनक शिक्षाको भनाइ छ । 'इतिहासमै पहिलोपटक अर्को वर्षको लागिसमेत एक वर्षअघिदेखि नै पुस्तक छाप्न थालेका छौं,' जनक शिक्षाका प्रबन्ध सञ्चालक अनिल झाले भने, 'हामीसँग भएको बजेटले अहिले पुस्तक छाप्छौं, बिक्री-वितरण र ढुवानी गर्ने वेलामा स्थानीय तह र पाठ्यक्रम विकास केन्द्रसँग बजेट लिन्छौं ।' उनले अग्रिम रूपमा पाठ्यपुस्तक छपाइ गर्दा विद्यार्थी र अभिभावकमा सकारात्मक सन्देश पुग्ने र पठनपाठनमा पनि राम्रो प्रभाव पार्ने बताए ।

०८२ मा पाठ्यपुस्तक परिमार्जन नहुने

पाठ्यक्रम विकास केन्द्रले ०८२ मा पाठ्यपुस्तक परिमार्जन नगर्ने जानकारी दिएपछि जनक शिक्षाले पुस्तक छाप्न थालेको हो । आगामी वर्षका लागि एक करोड ७० लाख थान पाठ्यपुस्तक छापेर राख्ने जनक शिक्षाको योजना छ । अहिले यसमा जनक शिक्षाकै लगानी पर्ने भए पनि पुस्तक प्रयोगमा आउने वेलामा लगानी उठ्ने केन्द्रको भनाइ छ । केन्द्रले दैनिक करिब दुई लाख थान पुस्तक छाप्न सक्छ । यस वर्षका लागि जनक शिक्षाले माघदेखि नै पाठ्यपुस्तक छपाइ थालेको थियो भने २९ चैतमै वितरण सकेको थियो । केन्द्रले आउँदै गरेको उपनिर्वाचनका लागि चाहिने सबैखाले सामग्री पनि छापिसकेको जनाएको छ । मुख्यतः सरकारी र ठूलो परिमाणमा सामग्री छाप्नुपरे जनक शिक्षाले नै छाप्छ ।

यस वर्षको मुख्य छपाइ सकिएपछि छापाखाना र कर्मचारी खाली हुने भएकाले पनि आगामी वर्षका लागि पाठ्यपुस्तक छपाइ गर्न थालिएको प्रबन्ध सञ्चालक अनिल झाले बताए । केन्द्रले पुस्तक छपाइको लागि कागज, मसीलगायत कच्चा पदार्थ पनि मौज्दात राखेको छ । आगामी वर्षका लागि कक्षा १ देखि १० सम्म पाठ्यपुस्तक छपाइ गर्न एक अर्ब ७० करोड रुपैयाँ खर्च लाग्ने केन्द्रको अनुमान छ ।

चालू शैक्षिक सत्रका लागि केन्द्रले एक करोड २० लाख थान पुस्तक छापेको थियो । गत वर्ष ०७९ मा एक करोड ३३ लाख थान पुस्तक छापेको थियो । तर, केन्द्रले मौज्दातसमेत रहने गरी आगामी वर्षका लागि एक करोड ७० लाख थान पुस्तक छाप्न थालेको हो । देशभर २७ हजार नौ सय ९० सामुदायिक विद्यालय छन् । यहाँ अध्ययन गर्ने विद्यार्थीलाई सरकारले स्थानीय तहमार्फत निःशुल्क पाठ्यपुस्तक वितरण गर्दै आएको छ ।

सोडारीको सट्टा...

पृष्ठ १ बाट क्रमशः

समाजवादीले गर्ने सहमति भएपछि मुख्यमन्त्रीमा कसलाई अघि सार्ने भन्ने विषय आफ्नो पार्टीको भएको बताइन् । व्यक्तिका विषयमा असहमति जनाएर एमालेले 'खेल्न खोजेको' उनको भनाइ छ । 'मुख्यमन्त्रीमा कसलाई अघि सार्ने हाम्रो पार्टीको विषय हो । संसदीय दलले निर्णय गरिसकेको छ,' शाहले भनिन्, 'यो व्यक्ति भए हुन्छ, नभए हुँदैन भनेर अर्काको पार्टीमा खेल्न र विवाद ल्याउन खोजेको देखिन्छ । अन्य प्रदेशमा हामीले पनि यो व्यक्ति हुँदैन, त्यो ल्याउनुपर्छ भन्यौं भने के हुन्छ ?' अर्काको पार्टीमा खेल्न खोज्ने प्रवृत्तिले गठबन्धनमा विश्वासको वातावरण बन्न नसक्ने शाहले बताइन् । नेकपा एसको केन्द्रीय सचिवालय बैठकले पनि सुदूरपश्चिमको मुख्यमन्त्रीमा दलका नेता सोडारीलाई अघि सार्ने औपचारिक निर्णय गरिसकेको छ ।

पूर्वसहमतिविपरीत प्रदेशको नेतृत्व नागरिक उन्मुक्ति पार्टीलाई दिने निर्णय भएको भन्दै नेकपा एसले कांग्रेससहितको सहकार्यमा नागरिक उन्मुक्तिका सांसद लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेको थियो । एमाले, माओवादीले भने नागरिक उन्मुक्तिकै कैलाश चौधरीलाई मुख्यमन्त्रीमा समर्थन गरेका थिए । प्रदेशमा नेकपा एसले कांग्रेससँग सहकार्य गरेपछि गठबन्धनमा संकट पैदा भएको थियो । प्रदेश प्रमुखले मुख्यमन्त्रीमा पुनः दाबी पेस गर्न बिहीबार बेलुकी ५ बजेसम्मको समय दिएका छन् ।

एक साता...

पृष्ठ १ बाट क्रमशः

अवस्था धेरै नै जटिल भयो भनी खबर गरिएको थियो,' उनले भने, 'त्यसको केही समयपछि मृत्यु भएको जानकारी गराइयो । शल्यक्रियाका क्रममा बिरामीको अवस्थाको विषयमा बीचमा कुनै जानकारी नगराइनु र डाक्टरहरूको हाउभाउ हेर्दा हतास मानसिकतामा देखिनुले गम्भीर त्रुटि र लापरबाहीका कारण भीमाको मृत्यु भएको हो ।'

घटनापछि कर्णाली प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्कासँग छलफल हुँदा यो केस हजारौंमा एकाध मान्छेलाई हुने निकै जटिल र गम्भीर खालको समस्या भएकाले बचाउन नसकिएको जवाफ आएकाले आफूहरूलाई संशकित बनाएको गोविन्दबहादुरले बताए । 'केस निकै जटिल र गम्भीर खालको थियो भने शल्यक्रिया गर्नुभन्दा अगाडि बिरामीको घरपरिवारको मान्छेलाई किन जानकारी गराइएन ?' उनले प्रश्न गरे, 'त्यस्तो गम्भीर केस थियो भने स्त्रीरोगसम्बन्धी सिनियर डाक्टरहरूलाई उपचारमा किन संलग्न गराइएन ?'

भीमाको मृत्युको नैतिक जिम्मेवारी प्रदेश अस्पताल प्रशासनले लिनुपर्ने उनका ससुरा धनबहादुर बलामी मगरले बताए । 'आठमहिने नाबालिका दुधे बालिकाको पालनपोषणका लागि उचित राहत, परिवारका सदस्यमध्ये एकजनालाई रोजगारी, बालिकाको पठनपाठनको ग्यारेन्टी र घटनाको उच्चस्तरीय छानबिन समिति गठनको माग राखेका छौं,' उनले भने, 'शान्तिपूर्ण आन्दोलन, धर्ना र पटक-पटक वार्ता छलफल गर्दा पनि अस्पताल प्रशासनले यस विषयलाई गम्भीरतापूर्वक नलिई गैरजिम्मेवारीपन प्रदर्शन गरेको छ ।' अस्पताल प्रशासनले पीडितको मागबारे कुनै सुनुवाइ नगरेपछि भीमाको शव प्रदेश अस्पतालमै छाडेर घर जान लागेको उनले बताए ।

लागुऔषध...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयनका लागि पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए । यो मुद्दामा लामालाई पाँच वर्ष कैद सजाय फैसला भएको थियो । बुधबार सार्वजनिक बिदा भएकाले उनलाई बिहीबार अदालतमा उपस्थित गराइनेछ । 'फैसला कार्यान्वयनका लागि उन (दावा लामा)लाई पक्राउ गरिएको हो,' एसएसपी राठौरले भने, 'अब बिहीबार अदालतमा पेस गर्नेछौं ।'

८ साउन ०६१ मा वनस्थली चोकनजिकैबाट पाँच ग्राम खैरो हेरोइनसहित पक्राउ परेका लामालाई उच्च अदालत पाटनले १० जेठ ०६४ मा पाँच वर्ष कैद र पाँच हजार जरिवानाको सजाय सुनाएको थियो । त्यसविरुद्ध सर्वोच्चमा पुनरावेदन नभएकाले सोही फैसला अन्तिम बन्यो । फरार रहेकै समयमा लामा एन्फा उपाध्यक्षमा निर्वाचित भएका थिए ।

सुरुमा अदालतले पुर्पक्षका लागि कारागार पठाएकोमा फैसलाका क्रममा ६ महिना मात्र कैद भएपछि उनी १० महिना जेल बसेका थिए । थुनामा गएको १० महिनापछि मात्र फैसला भएको थियो । जिल्लाको फैसलाविरुद्ध सरकारी वकिल कार्यालय उच्च अदालत गएकोमा उनलाई पाँच वर्ष कैद सजाय तोकिएको हो । १० महिनाको अवधि कटाएर अब बाँकी अवधि उनी जेल बस्नुपर्ने हुन्छ । गएको एन्फा निर्वाचनमा लामा उपाध्यक्ष निर्वाचित भएका थिए । त्यसअघि उनी केन्द्रीय सदस्य थिए । बी डिभिजन क्लब प्लानिङ ब्वाइजबाट उनी एन्फामा छिरेका थिए । लामा एएफसीको सामाजिक उत्तरदायित्व समितिका सदस्य पनि हुन् ।

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

ऋण चूक्ता गर्ने बारे ३५(पैतिस) दिने अत्यन्त जरुरी सूचना

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट प्राप्त गर्नु भएको ऋणकोको शर्त कबुलियत बमोजिम तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई तपाईसंग भएको सम्झौताको शर्तहरु समेत उल्लंघन गर्नु भएको र तपाईलाई ऋणको साँवा, व्याज तथा अन्य दैदस्तुर तिर्नको लागि पटक पटक मौखिक र पत्रबाट समेत तरताकेता गर्दा पनि सम्झौता बमोजिमको ऋण, सावाँ र व्याज तथा अन्य दैदस्तुर तिर्ने कुनै तदारुखता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तपाईले यस सहकारी संस्थाबाट प्राप्त गर्नु भएको सम्पूर्ण ऋण, सावाँ, व्याज एवं अन्य दैदस्तूर समेत चूक्ता गरिदिनु होला । ऋणीले कर्जा चूक्ता नगरेमा तपाई धन जमानी कर्ताले शर्त बमोजिम आफ्नो दायित्व पूरा गर्नू होला । माथि उल्लेखित समयावधी भित्र ऋणको सम्पूर्ण सावाँ व्याज चूक्ता नगरेमा तपाईले यस सहकारी संस्थालाई ऋण सुरक्षण बापत धितो दिनु भएको तपसिलमा उल्लेखित घर जग्गा कानून बमोजिम लिलाम बिक्री गर्नुका साथै तपाई ऋणी र तपाईको व्यक्तिगत जमानी कर्तालाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सूचिकृत गर्ने लगायत सहकारी संस्थाको ऋण असूल उपर गर्नको लागि ऋण असुली न्याधिकरण एवं अन्य अड्डा अदालत समेतको निकायमा कानून बमोजिम मूद्दा दायर गर्ने लगायतको कानूनी कारर्वाही गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

१. ऋणी
→ श्री नम्बे बहादुर तामाङ्गको नाती, गंगा बहादुर तामाङ्गको छोरा, श्री गोपीनी तामाङ्ग श्रीमान्, दोलखा जिल्ला, गौरीमुदी गा.वि.स वडा नं ८, स्थाई घर भई हाल सोही स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय दोलखाबाट ना.प्र.प.नं. २२१०४५- ३३६, बर्ष २९ को **श्री कोर्चेन तामाङ्ग ....।**

१. धन जमानीकर्ता
→ श्री चन्द्र बहादुर तामाङ्गको छोरी, गंगा बहादुर तामाङ्गको बुहारी, श्री कोर्चेन तामाङ्ग को श्रीमती दोलखा जिल्ला, गौरीमुदी गा.वि.स वडा नं ८, स्थाई घर भई हाल सोही स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय दोलखाबाट २४१०४५, बर्ष ३१ को **श्री गोपीनी तामाङ्ग ....।**

जग्गाको विवरण :
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं ३७ क्षेत्रफल १४० बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं १३३३ क्षेत्रफल ६५ बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं ८११ क्षेत्रफल १९५ बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं २३३० क्षेत्रफल ३०० बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं २३२६ क्षेत्रफल ४२२ बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।
→ दोलखा जिल्ला, गैरीमुदी गा.वि.स वडा नं ८, कित्ता नं २३२९ क्षेत्रफल २९० बर्ग मिटर, जग्गा धनीको नाम श्री श्री कोर्चेन तामाङ्ग ....।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय ईटहरी, सुनसरीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ईटहरी, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
कर्ण बिक्रम लिम्बु ना.प्र.नं.- ४०१/२५३७ जारी मिति - २०४४/१२/२९ जि.प्र.का. सुनसरी बाबु - छत्र बहादुर लिम्बु बाजे - हंश ध्वोज लिम्बु स्थायी ठेगाना- सुनसरी जिल्ला, प्रकाशपुर गा.बि.स., वडा नं. ७ हालको ठेगाना- सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. १, हलगाडा	१. **कर्ण बिक्रम लिम्बु**को नाममा मालपोत कार्यालय, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स. वडा नं. १/ख स्थित कित्ता नं. २६३१ को क्षेत्रफल ०-०-१३-० (वि.क.धु.क) जग्गा र घर तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण	
१. **राज तुम्बाहाङ्फे लिम्बु** ना.प्र.नं.- ११०९१९ जारी मिति - २०६३/०३/१२ जि.प्र.का. सुनसरी बाबु - कर्ण बिक्रम लिम्बु बाजे - छत्र बहादुर लिम्बु स्थायी ठेगाना- सुनसरी जिल्ला, प्रकाशपुर गा.वि.स., वडा नं. ७ हालको ठेगाना- सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. १, हलगाडा	२. **सकुन्तला लिम्बु** ना.प्र.नं.- २६१५३/२८१५३ जारी मिति - २०५१/१२/०१ जि.प्र.का. सुनसरी बाबु - बुद्धि राज लिम्बु पति - कर्ण बिक्रम लिम्बु स्थायी ठेगाना- सुनसरी जिल्ला, प्रकाशपुर गा.बि.स., वडा नं. ७ हालको ठेगाना- सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. १, हलगाडा

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ईटहरी, सुनसरी फोन नं. ०२५-५८६६६१/५८६६५९

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/८/१२ र २०८०/११/१३ गतेको नयाँ पत्रिका दैनिक

यस लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण सुविधा लिने तपशीलका ऋणीहरुले ऋण लिंदाका बखत गरेका लिखित तथा मौखिक सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरेकोले प्रथम पटक प्रकाशित मिति २०८०/८/१२ र २०८०/११/१३ गतेको नयाँ पत्रिका दैनिकमा ३५ दिने ऋण तिर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले आफुले लिएको ऋणको साँवा, व्याज अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर नतिरी नबुझाई अटेर गरी बसेको हुँदा संस्थाले उक्त ऋणमा धितो सुरक्षण लिएको निम्न विवरणको जग्गा तपशीलमा उल्लेखित मिती समय र स्थानमा लिलाम बिक्री गरी ऋण असुल उपर गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. ऋणी
→ श्री नन्दलाल बानियाँको नाती, श्री सूर्य बहादुर बानियाँ र लक्ष्मी बानियाँको छोरा, श्री टंकमाया बानियाँको श्रीमान्, सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौ जिल्ला, कागेश्वरी मनोहरा न.पा वडा नं ०९, पेप्सीकोला खहरेमा बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. २४१०३४/४७८ बर्ष ३० को **श्री सुबास बानियाँ ....।**

१. धन जमानीकर्ता
→ श्री करविर बानियाँ को नाती, श्री नन्दलाल बानियाको छोरा, लक्ष्मी बानियाँको श्रीमान् सुबास बानियाँको बुबा, सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं ३, स्थायी घर भई हाल सोही स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. ५३५०/३०७ बर्ष ५३ को **श्री सूर्य बाहादुर बानियाँ .....।**

२. धन जमानीकर्ता
→ सुर्यबहादुर बानियाँकी बुहारी, श्री झप्ट बहादुर तिमल्सिनाकी छोरी, श्री सुबास बानियाँकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौ जिल्ला ,कागेश्वरी मनोहरा न.पा वडा नं ०९, पेप्सीकोला, खहरे बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना. प्र प नं.२४-०१-७६-०५०४९ बर्ष २५ की **श्री टंकमाया बानियाँ..............।**

२. ऋणी
→ सुर्यबहादुर बानियाँकी बुहारी, श्री झप्ट बहादुर तिमल्सिनाकी छोरी, श्री सुबास बानियाँकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौ जिल्ला ,कागेश्वरी मनोहरा न.पा वडा नं ०९,पेप्सीकोला, खहरे बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना. प्र प नं.२४-०१-७६-०५०४९ बर्ष २५ की **श्री टंकमाया बानियाँ..............।**

१. धन जमानीकर्ता
→ श्री नन्दलाल बानियाँको नाती, श्री सूर्य बहादुर बानियाँ र लक्ष्मी बानियाँको छोरा, श्री टंकमाया बानियाँको श्रीमान्, सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौ जिल्ला, कागेश्वरी मनोहरा .न.पा वडा नं ०९, पेप्सीकोला खहरेमा बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. २४१०३४/४७८ बर्ष ३० को **श्री सुबास बानियाँ ....।**

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं ४८ क्षेत्रफल ५-०-०-३, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं ४६८ क्षेत्रफल १-८-२-१, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं ५१६ क्षेत्रफल ०-१०-२-३, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं १०१ क्षेत्रफल २-१४-३-२, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं ८२५ क्षेत्रफल ३-०-०-०, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सिन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं ५७४ क्षेत्रफल ०-१५-१-३, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।
→ सन्धुपाल्चोक जिल्ला, कुनचोक गा.वि.स वडा नं ९, कित्ता नं १०३ क्षेत्रफल ४-१-०-२, जग्गा धनीको नाम श्री श्री सूर्यनारायण बानियाँ ....।

३. ऋणी
→ श्री मणिकण्ठ न्यौपानेको नाती ,श्री दुर्गा प्रसाद न्यौपानेको छोरा, श्री सरस्वती गौतमको श्रीमान , ओखलढुङ्गा जिल्ला, फूलवारी वडा नं ४, स्थायी घर भई हाल काठमाडौ जिल्ला, काठमाडौ मनपा वडा नं ३२, घट्टेकुलो बस्ने जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा बाट ना.प्र.प.नं. २७४, बर्ष ५३ को **श्री टंक प्रसाद न्यौपाने..............।**

१. धन जमानीकर्ता
→ श्री दुर्गा प्रसाद न्यौपानेको बुहारी ,श्री नारायण प्रसाद गौतमकी छोरी, श्री टंक प्रसाद न्यौपानेकी श्रीमती, ओखलढुङ्गा जिल्ला, फूलवारी वडा नं ४, स्थायी घर भई हाल काठमाडौ जिल्ला, काठमाडौ मनपा वडा नं. ३२, घट्टेकुलो बस्ने बर्ष ४८ की **श्री सरस्वती गौतम ....।**

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
→ काठमाडौ जिल्ला, गागलफेदी गा.वि.स. / न.पा. वडा नं ७, कित्ता नं १७१ क्षेत्रफल ०-११-१-०, जग्गा धनीको नाम **टंक प्रसाद न्यौपाने ....।**

मिती : २०८१/२/१० गते बिहीबार
स्थान : लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, काठमाडौ-९, पुरानो बानेश्वर
समय : बिहान १०:०० बजे देखि दिनको ३:०० बजे सम्म

उपत्यकाका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै

नमुना विद्यालयमा पनि भौतिक संरचना र जनशक्तिले नधान्ने भएपछि विद्यार्थी फिर्ता गर्नुपर्ने बाध्यता

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी अभाव प्रमुख समस्या बनिरहेको छ। भर्ना भएका विद्यार्थी टिकाइराख्नु झन् ठूलो चुनौती छ। तर, उपत्यकाका केही विद्यालयमा भने विद्यार्थी भर्नाको चाप थेगिनसक्नुको छ। उनीहरू क्षमताभन्दा बढी विद्यार्थी भर्ना गर्नुपर्ने दबाबमा छन्। विद्यालयको भौतिक संरचना र जनशक्तिले नथेग्ने भएपछि भर्ना हुन आएका विद्यार्थीलाई जबर्जस्ती फर्काउनुपर्ने बाध्यतामा उनीहरू छन्।

शैक्षिक गुणस्तर सुधारेर अब्बल ठहरिएका यहाँका सामुदायिक विद्यालयमा पर्याप्त कक्षाकोठा अभाव, शिक्षक-कर्मचारी नहुनु, खेलमैदान तथा खाली ठाउँ अभाव, क्यान्टिन, बलियो आर्थिक स्रोतको अभावसँग भने जुधिरहेका छन्। यसतर्फ सरकारको ध्यान नगएको उनीहरूको गुनासो छ।

गत शैक्षिक सत्रमा दुई हजार तीन सय विद्यार्थी भर्ना गरेको मध्यबानेश्वरस्थित रत्नराज्य स्कुलमा यसपटक पनि भर्ना फाराम लिनेको संख्या अत्यधिक छ। तर, नयाँ संरचना नथपिएका कारण गत वर्षभन्दा बढी विद्यार्थी भर्ना गर्न नसक्ने विद्यालयको भनाइ छ। विद्यालयमा प्रधानाध्यापक रामाशिष यादवले आएका सबै विद्यार्थी भर्ना गर्न नसकिने जानकारी दिए। 'विद्यार्थीको चाप धेरै छ, तर भौतिक संरचना र जनशक्तिले भ्याउनेजति मात्रै भर्ना लिन्छौं,' उनले भने।

दरबार हाइस्कुल (भानु माविं)मा पनि विगतमा भन्दा विद्यार्थीको चाप बढी छ। यहाँ पनि कक्षाकोठालगायत भौतिक संरचना अभाव रहेकाले धेरै विद्यार्थी भर्ना गर्न नसकिने विद्यालयकी प्रधानाध्यापक शारदा पौडेलले बताइन्। उनका अनुसार नयाँ शैक्षिक सत्रका लागि लिएको प्रवेश परीक्षामा सात सय ८१ जना विद्यार्थी उत्तीर्ण भएका छन्। यी विद्यार्थी सोमबारदेखि भर्ना भइरहेको छ। 'अहिले नै क्षमताभन्दा बढी विद्यार्थी राखेर पठनपाठन गराइरहेका छौं,' उनले भनिन्, 'हामीसँग १४ वटा मात्रै कक्षाकोठा छन्।' उनका अनुसार भानु माविको कक्षाकोठाको हिसाबले विद्यार्थी क्षमता जम्मा तीन सय ६० हो। तर, दोब्बर विद्यार्थी पढाउने गरिएको छ। भानु माविसँगै रहेको संस्कृत माध्यमिक विद्यालयमा पनि यस वर्ष एक सय ७१ जना विद्यार्थीले भर्नाका लागि प्रवेश परीक्षा दिएका छन्।

बौद्ध महांकालमा रहेको जनकल्याण माध्यमिक विद्यालयमा भर्नाका लागि फाराम भर्न आउने विद्यार्थीको चाप अधिल्लो वर्षभन्दा बढी छ। गत शैक्षिक सत्रमा विद्यालयमा ११ र १२ कक्षासम्म गरी तीन हजार हाराहारी विद्यार्थी भर्ना भएका थिए। विद्यालयकी निमित्त प्रअ मञ्जु मग्रातीका अनुसार यस वर्ष पनि विद्यार्थीको चाप अत्यधिक भएकाले उनीहरूको क्षमता र ज्ञानका आधारमा भर्ना गरिनेछ। 'यद्यपि, सीमित भौतिक संरचना र जनशक्तिका कारण सबै विद्यार्थी भर्ना गर्न नसक्ने बाध्यता छ,' उनले भनिन्। काठमाडौंको बाफलमा रहेको ज्ञानोदय माविमा पनि भर्ना हुन आउने विद्यार्थीको संख्या अत्यधिक छ। यस विद्यालयमा पनि अन्यमा जस्तै भौतिक संरचना अभावको समस्या छ। गत वर्षभन्दा बढी विद्यार्थी भर्ना लिन नसकिने विद्यालयको भनाइ छ।

ललितपुरको बुडमतीमा रहेको आदर्श शौल युवक माविको अवस्था पनि भानु माविर रत्नराज्य स्कुलको भन्दा फरक छैन। सोही कारण विद्यार्थी छनोट गर्न प्रवेश परीक्षा लिएको छ। गत शैक्षिक सत्रमा यस विद्यालयले दुई हजारभन्दा बढी विद्यार्थी भर्ना गरेको थियो। यस वर्ष पनि यही हाराहारीमा भर्ना गरिने विद्यालय प्रशासनले जनाएको छ।



● **दीपक शर्मा**, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, महानिर्देशक

यो समय सामुदायिक विद्यालय जुर्मुराउने समय हो, अब सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण थप बढ्छ। किनभने केन्द्र सरकार र स्थानीय सरकारको लगानी यसैमा छ। यस्ता विद्यालयको भौतिक पूर्वाधार व्यवस्थापनका लागि पनि केन्द्रले पहल गर्ने छ।



● **शारदा पौडेल**, प्रधानाध्यापक, दरबार हाइस्कुल (भानु माविं)

विगतमा भन्दा विद्यार्थीको चाप बढी छ। नयाँ शैक्षिक सत्रका लागि लिएको प्रवेश परीक्षामा सात सय ८१ जना विद्यार्थी उत्तीर्ण भएका छन्। हामी क्षमताभन्दा बढी विद्यार्थी राखेर पठनपाठन गराइरहेका छौं। हामीसँग १४ वटा मात्रै कक्षाकोठा छन्। भानु माविको कक्षाकोठाको हिसाबले विद्यार्थी क्षमता जम्मा तीन सय ६० हो। तर, दोब्बर विद्यार्थी पढाउने गरिएको छ।





भक्तपुर च्यामासिंहमा रहेको वागीश्वरी माविले त आसपासका विद्यालयलाई समेत विद्यार्थी दिइरहेको छ। आफूले भर्ना गर्न नसकेका विद्यार्थीलाई छिमेकका विद्यालयमा पठाउँदै आएको छ। वागीश्वरीले पहिलो चरणको भर्ना अभियानबाट ६ सय विद्यार्थी भर्ना गरिस केको छ। दोस्रो चरणको प्रवेश परीक्षा र भर्ना कार्यक्रम बाँकी नै छ। गत वर्षभन्दा यस वर्ष फाराम बढी वितरण भएको विद्यालयका कक्षा ११ र १२ का इन्चार्ज ज्ञानसागर प्रजापतिले बताए। 'विद्यार्थीको चाप धेरै नै छ, तर आएजतिलाई भर्ना लिन सक्ने अवस्था छैन। यहाँ भर्ना गर्न नसकेका विद्यार्थीलाई छिमेकी विद्यालयमा पठाउँछौं,' उनले भने।

भक्तपुरको श्रीपद्म र चागुनारायण माविलाई भर्ना हुन आएका विद्यार्थीलाई कसरी व्यवस्थापन गर्ने भन्ने दबाब छ। विद्यालयको क्षमताभन्दा बढी विद्यार्थी भर्ना हुन आएपछि कतिपय विद्यार्थीलाई फर्काउनुपर्ने अवस्था आएको विद्यालय प्रशासनले जनाएका छन्।

शैक्षिक गुणस्तरका हिसाबले अब्बल ठानिएका उपत्यकाका केही सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढे पनि भौतिक संरचना सुधारमा भने सरकारले चासो दिएको छैन। अधिकांश विद्यालयमा फराकिलो कक्षाकोठा तथा खेलमैदान छैन। शैक्षिक गुणस्तर सुधार गरेर साख जोगाउने प्रयास गरिरहेका यी विद्यालयले भौतिक संरचना विस्तारमा भने मार खाइरहेका छन्। देशभर सामुदायिक विद्यालयको संख्या २७ हजार आठ सय १२ रहेको छ। यसमध्ये उत्कृष्ट मानिएका चार सय २२ विद्यालयलाई सरकारले 'नमुना विद्यालय'का रूपमा घोषणा गरेको छ। शैक्षिक सुधार र रचनात्मक शैक्षिक क्रियाकलापका आधारमा ती विद्यालयलाई नमुना घोषणा गरिएको हो।



■ यसकारण विद्यार्थीको रुचि सामुदायिकमा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माका अनुसार अहिले सामुदायिक विद्यालयमा आमूल परिवर्तन आएको छ। ५-६ वर्षपहिले बन्द हुने अवस्थामा रहेका कतिपय सामुदायिक विद्यालयमा अहिले विद्यार्थी खचाखच छ। 'यसपटक विद्यार्थी थप बढ्ने अनुमान छ, किनभने सामुदायिक विद्यालयमा आमअभिभावकको आकर्षण छ,' उनले भने, 'सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण हुनुको कारण शिक्षा सेवा आयोगले नयाँ शिक्षक भर्ना गर्नु, प्रविधिमैत्री पठनपाठन सञ्चालन गर्नु, सहुलियत, नयाँ पुस्ताका शिक्षक धेरै हुनुलगायत हो।' विद्यार्थी आकर्षण गर्न स्थानीय तहले पनि सुधार गरिरहेको महानिर्देशक शर्माले बताए। कतिपय जिल्लाको शिक्षा अवस्था हेर्दा सामुदायिक विद्यालयले निजीलाई चुनौती दिइरहेको उनको बुझाइ छ। 'काठमाडौंमै निजीलाई सामुदायिक विद्यालयले टक्कर दिन थालेका छन्, उपत्यकाबाहिर त धेरै सामुदायिक विद्यालय अब्बल बनिसके। उहाँदरणका लागि रुपन्देही, मोरङ, पोखरालगायत केही सामुदायिक विद्यालयलाई हेरे पुग्छ,' उनले भने, 'यो समय सामुदायिक विद्यालय जुर्मुराउने समय हो, अब सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण थप बढ्छ। किनभने, केन्द्र सरकार र स्थानीय सरकारको लगानी यसैमा छ।' यस्ता विद्यालयको भौतिक पूर्वाधार व्यवस्थापनका लागि केन्द्रले पहल गर्ने उनले प्रतिबद्धता जनाए। केन्द्रको तथ्यांकअनुसार उपत्यकामा चार सय ८९ सामुदायिक विद्यालय रहेका छन्। जसमध्ये काठमाडौंमा दुई सय ७६, ललितपुरमा ९३ र भक्तपुरमा एक सय २० छन्।

यी हुन् उपत्यकाका
१४ नमुना सामुदायिक विद्यालय

- कंकाल मावि, नैकाप, काठमाडौं
- मंगल मावि, कीर्तिपुर, काठमाडौं
- विश्व निकेतन मावि त्रिपुरेश्वर, काठमाडौं
- आदर्श मावि, कागेश्वरी, काठमाडौं
- तिलिङ्टार मावि धापासी, काठमाडौं
- कालिकादेवी मावि, तारकेश्वर, काठमाडौं
- शान्ति निकुञ्ज मावि, भगवतीबारी, काठमाडौं
- जनसेवा मावि, पाँगा, काठमाडौं
- चामुण्डा मावि गोकर्णेश्वर, काठमाडौं
- बालउद्धार मावि, बुढानीलकण्ठ, काठमाडौं
- किटिनी मावि, गोदावरी, ललितपुर
- वज्रवाराही मावि, चापागाउँ, ललितपुर
- श्रीपद्म मावि, दरबार स्क्वायर, भक्तपुर
- चाँगुनारायण मावि, चाँगुनारायण, भक्तपुर

■ उपत्यकामा मात्रै १४ नमुना विद्यालय

देशभर रहेका २७ हजार नौ सय ९० सामुदायिक विद्यालयमध्ये सरकारले चार सय ८९ विद्यालयलाई नमुना विद्यालय घोषणा गरेको छ। त्यसमध्ये उपत्यकामा १४ वटा नमुना विद्यालय छन्। शैक्षिक सुधार र रचनात्मक शैक्षिक क्रियाकलापका आधारमा ती विद्यालयलाई नमुना घोषणा गरिएको हो। शिक्षा मन्त्रालयले आव ०७५/७६ देखि नै नमुना विद्यालय छनोट गर्दै आइरहेको थियो। हरेक वर्षजसो विद्यालयको मूल्यांकन, पठनविधि, शैक्षिक नतिजालगायत आधारमा सामुदायिक विद्यालयलाई नमुना विद्यालयका रूपमा घोषणा गर्दै आइरहेको छ।

■ प्रवेश परीक्षा लिएर शैक्षिक गुणस्तर वृद्धि गरेको दाबी

सामुदायिक विद्यालयमा भर्ना हुन आउने विद्यार्थीको क्षमता र सीप बुझ्नका लागि विद्यालयले आ-आफ्नै मापदण्ड बनाएका छन्। अब्बल भनिएका अधिकांश विद्यालयले भर्नापूर्व प्रवेश परीक्षा लिने गरेका छन्। यसअघि निजी विद्यालयले गर्दै आएको यो चलन गत वर्षदेखि सामुदायिकमा सरेको छ। यसो गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरीयता वृद्धिमा सहयोग पुगेको उनीहरूको दाबी छ। यद्यपि, काठमाडौं महानगरपालिकाले भने सामुदायिक विद्यालयलाई प्रवेश परीक्षा नलिई विद्यार्थी भर्ना गर्न निर्देशन दिइसकेको छ। महानगरले बरु पाठ् यक्रममा आधारित कुराकानी गर्न सुझाव दिएको छ। तर, विद्यार्थीको गुणस्तरीयताबारे कुनै न कुनै प्रकारको प्रवेश परीक्षा आवश्यक रहेको भन्दै सामुदायिक विद्यालयले मौखिक वा लिखित परीक्षा लिने तयारी गरिरहेका छन्। भक्तपुर र ललितपुरका सामुदायिक विद्यालयले भने लिखित परीक्षा नै लिएर भर्ना गर्ने अभियान चलाइरहेका छन्।

संक्षेप

तेस्रोपटक सर्‍यो एकीकृत समाजवादीको महाधिवेशन

काठमाडौं/ सत्तारूढ दल एकीकृत समाजवादीको महाधिवेशन फेरि सरेको छ। आगामी ३-७ जेठसम्म तय भएको महाधिवेशन १६-२० असारमा गर्ने निर्णय भएको प्रचार विभाग प्रमुख तथा उपमहासचिव जगन्नाथ खतिवडाले जानकारी दिए। 'आन्तरिक तयारीका कारण संगठनको तल्लो तहको मागबमोजिम जिल्ला कमिटीले माग गरेअनुसार र केन्द्रले विश्लेषण गरेर दर्शौं महाधिवेशन केही दिनपछि सारेका छौं। आगामी १६-२० असारसम्म काठमाडौंमा गर्ने निर्णय गरेका छौं,' उनले भने। संगठनका सबै तहमा निर्वाचनबाट नेतृत्व चयन हुनुपर्ने माग जिल्लाहरूले राखेका थिए। आगामी महाधिवेशनमा प्रस्तुत गर्ने स्थानीय तहबाट केन्द्रमा पठाइएका सुझावमा निर्वाचित नेतृत्व हुनुपर्ने माग गरिएको थियो। वडादेखि केन्द्रसम्मको नेतृत्व निर्वाचित हुनुपर्ने र पार्टीको केन्द्रीय तहमा ४० वर्षमुनिका २० प्रतिशत युवाको सहभागिता गराउने एकीकृत समाजवादीको तयारी छ।

गण्डकीका मुख्यमन्त्री १० वैशाखअघि नै विश्वासको मत लिने तयारीमा

कास्की/ गण्डकी प्रदेशका मुख्यमन्त्री नियुक्तिको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा शुक्रबार प्रदेश सभाको बैठक आह्वान गरिएको छ। प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सरकारको सिफारिसमा अधिवेशन आह्वान गरेका हुन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो। मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत लिने प्रयोजनार्थ प्रदेश सभाको बैठक डाक्न लगाएका हुन्। पदमा बहाल रहेका सभामुखको गणना गर्दै एमाले संसदीय दलका नेता अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्ति गरिएको विषय सर्वोच्च पुगेको थियो। कांग्रेसले प्रदेश सभा बैठक आह्वान गर्नु गैरजिम्मेवार कदम भन्दै यसले द्वन्द्वको वातावरण सिर्जना हुन सक्ने चेतावनीसमेत दिएको छ। कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले बुधबार विज्ञप्ति जारी गर्दै सरकार र प्रदेश प्रमुखको कदमलाई असंवैधानिक भएको उल्लेख गरेका छन्। यसले अदालतको अवहेलना हुने उनको भनाइ छ।

स्वीकृतिविना विदेशी पुस्तक बिक्री-वितरण नगर्न निर्देशन

काठमाडौं/ पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिविना विदेशी पुस्तक बिक्री-वितरण नगर्न निर्देशन दिएको छ। निजी विद्यालयले केन्द्रबाट स्वीकृत नलिई विदेशी पुस्तक बिक्री-वितरण गरेको भन्दै कारबाही गर्ने चेतावनी दिएको हो। केन्द्रले स्थानीय तहका शिक्षा शाखा र जिल्ला शिक्षा विकास तथा समन्वय इकाइलाई मंगलबार पत्रचार गर्दै कारबाही गर्न निर्देशन दिएको छ। निजी र सरकारी विद्यालयले अनावश्यक पुस्तक किनाउने गरेको भेटिएमा पनि कारबाही गर्ने भनेको छ। कानुनतः कुनै पनि निजी तथा सरकारी विद्यालयले अनुमतिविना विदेशी पुस्तक प्रयोग गर्न पाउँदैनन्। बिक्री-वितरण तथा प्रयोग गर्नुपरेमा अनुमति लिनुपर्छ।

बस दुर्घटनामा एकजनाको मृत्यु

सल्यान/ बागचौर नगरपालिका- २ ठिङबाङ खोला पुलमा बस दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। दाङको घोराहीबाट रुकुम पूर्व जाँदै गरेको रा.१ख २०८५ नम्बरको बस बुधबार दुर्घटनामा पर्दा गाडीधनी तुलसीपुर उपमहानगरपालिका- ४ का ४६ वर्षीय विष्णु विकको ज्यान गएको हो। दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि प्रादेशिक अस्पताल तुलसीपुरमा लगिए पनि चिकित्सकले मृत घोषणा गरेको सल्यान प्रहरी प्रमुख नवीन कार्कीले जानकारी दिए।

■ इलाम २ उपनिर्वाचन

मत माग्न घरघर पुग्दै उम्मेदवार









आगामी १५ वैशाखमा हुने उपनिर्वाचनका लागि मतदातासँग मत माग्दै बायाँबाट क्रमशः एमालेका सुहाङ नेम्वाङ, कांग्रेसका डम्बर खड्का, रास्वपाका मिलन लिम्बू र पहिचानवादी उम्मेदवार डकेन्द्रसिंह लिम्बू।

झापामा चिरञ्जीवी घिमिरे

उपनिर्वाचन नजिकिएसँगै इलाम २ का उम्मेदवार अहिले मतदातालाई आफ्नो पक्षमा पार्न घरदैलोमा पुगेका छन्। इलाम २ का प्रतिनिधिसभा सदस्य तथा एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनपछि यो क्षेत्रमा १५ वैशाखमा उपनिर्वाचन हुन लागेको हो।

इलाम २ को उपनिर्वाचनमा २० जनाले उम्मेदवारी दर्ता गराएकामा एकजनाले उम्मेदवारी फिर्ता गरेपछि १९ जना उम्मेदवार चुनावी मैदानमा छन्। एमालेले सुवासचन्द्र नेम्वाङका छोरा सुहाङलाई उम्मेदवार बनाएको छ। कांग्रेसबाट डम्बरबहादुर खड्का उम्मेदवार छन्। यसअघि पनि उनी ०७९ को निर्वाचनमा सुवासचन्द्र नेम्वाङसँग पराजित भएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टीले पूर्वपत्रकार मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ। पहिचानवादी बाहुल्य रहेको यस क्षेत्रमा जनता समाजवादी पार्टी, धरानका मेयर हर्कराज राईलगायतको समर्थनमा डकेन्द्रसिंह लिम्बू चुनावी मैदानमा छन्।

इलाम २ मा ६ वटा स्थानीय तह छन्। इलाम नगरपालिकाको १२ मध्ये ११ वटा वडा, माई नगरपालिकाको तीनवटा वडा, देउमाई नगरपालिका, फाकफोकथुम गाउँपालिका, माइसेबुङ गाउँपालिका र चुलाचुली गाउँपालिका छन्। पहाडी जिल्ला भएका कारण उम्मेदवारलाई मतदाताको घरघरमा पुग्न निकै मुस्किल परेको छ। यद्यपि, उम्मेदवारहरू मतदाता रिझाउन घरघरसम्म पुगिरहेका छन्। मतदाताले उम्मेदवारसँग भौतिक पूर्वाधारकै कुरा उठाइरहेका छन्। 'जनताको घरदैलोमा हामीलाई स्वागत गरिरहनुभएको छ। जनताको माया पाएका छौं। विकासको काम अघि बढाउन जनताले आग्रह गर्नुभएको छ,' एमाले उम्मेदवार सुहाङले भने, 'बाटो, पानी, बिजुलीका कुरा जनताले उठाउनुभएको छ। कसरी जीवनस्तर उकास्न सकिन्छ भनेर मतदाताले सोचेको पाइयो। सेवाहरू छरितो ढंगले पाइयोस् भन्ने रहेछ।' एमाले चुलाचुली, माइसेबुङ र फाकफोकथुम गाउँपालिकामा चुनावी अभियान सकाएर देउमाई नगरपालिका प्रवेश गरेको छ। बुधबार पार्टी अध्यक्ष केपी ओलीको उपस्थितिमा एमालेले देउमाईस्थित मंगलबारे बजारमा चुनावी सभा गरेको थियो।

कांग्रेसका उम्मेदवार डम्बर खड्काले निर्वाचन क्षेत्रमा पर्ने ४२ वडामध्ये ३१ वटामा चुनावी अभियान सकिएको बताए। 'विगतदेखि जनताको घरदैलोमै छु। म यहाँ नयाँ होइन। यसअघि तीन महिना जनताको घर-घरमा पुगेको छु। यसपटक तपाईंले गरेको दुःखको मूल्यांकन गर्छौं भनेर जनताले भन्नुभएको छ,' खड्काले भने, 'वर्षौंदेखि बाटोघाटो, बिजुली, खानेपानी, कुलोको समस्या नै मतदाताले उठाइरहनुभएको छ। कतिपय योजना निर्वाचनमा भोट माग्ने माध्यम भएका छन्। आश्वासन मात्र जनताले पाएका छन्। यसमा जनताको गुनासो रहेको पाएँ।' पार्टीका उम्मेदवारलाई भोट माग्न कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा ८ वैशाखमा इलाम आउने भएका छन्। थापा केही दिनअघि आएर फर्केका थिए। शर्मा कांग्रेसका चुनावी कमान्डर हुन्।

रास्वपा उम्मेदवार मिलन लिम्बूले जनताका अपेक्षा विकास निर्माणसँग रहेको बताए। 'हामी प्रतिनिधिसभाको निर्वाचनमा नीति निर्माणका लागि प्रतिस्पर्धा गरिरहेका छौं। तर, विगतको अभ्यासले भौतिक विकासको साझेदार र नेतृत्व गर्ने भनेर जनतालाई बुझाइएको छ। पुल, बाटो बनाउने भनेर भोट मागिएको छ। तसर्थ अहिले मत माग्न घरदैलो पुग्दा जनताले यस्तो नीति बनाइदिनुस् भनेको एउटा पनि पाएको छैन। अधिकांश जनताले विकासको कुरा उठाउनुभएको छ, लिम्बूले भने, 'हामीले पनि नीति बनाउने र विकासको साझेदार बन्ने सन्दर्भमा भूमिका खेल्छौं भनिरहेका छौं। बाहिरबाट देखिने इलाम र वास्तविक इलाम फरक छ। बाहिरबाट इलामलाई सुगम र विकसित भनिन्छ। तर, यहाँ बाटोघाटो छैन, विद्युतीकरण, खानेपानी छैन। तसर्थ भौतिक विकासमा जनताको चासो छ।' लिम्बूले इलाम नगरपालिका, चुलाचुली, देउमाई, फाकफोकथुमलगायत पालिकामा घरदैलो अभियान सञ्चालन गरिसकेका छन्।

पहिचानवादी उम्मेदवार डकेन्द्रसिंह लिम्बू पनि चुनावी अभियान लिएर घरदैलो पुग्दै छन्। उनले गर्ने चुनावी सभामा धरानका मेयर हर्कराज राई, अभियन्ता युग पाठक, स्वागत नेपाल, डा. मित्र परियार, डा. केशवमान शाक्यलगायत पुगिरहेका छन्। उम्मेदवार लिम्बूले एकपटक सबै पालिकामा चुनावी अभियान गरिसकेको बताए। 'एकपटक सबै पालिकामा पुगेका छौं। तर, धेरै ठाउँमा भित्र-भित्र जान सकेका छैनौं। अझै समय छ। यसबीचमा सबैतिर पुग्छौं,' उनले भने, 'जनताबाट राम्रो प्रतिक्रिया आएको छ। स्वतन्त्र उम्मेदवारको लहर पनि आएको छ।'

इलाम २ मा विगतमा एमालेको वर्चस्व देखिन्छ। ०४८ यताका सात संसदीय निर्वाचनमा ६ वटा निर्वाचन एमाले जितेको छ। ०५१ मा कांग्रेसका पूर्वमहामन्त्री कुलबहादुर गुरुङले जितेका थिए। ०४८ मा एमालेका मणिकुमार लिम्बूले निर्वाचन जितेका थिए। ०५६ यता ०७९ सम्मको पाँच संसदीय निर्वाचनमा यस क्षेत्रबाट लगातार सुवासचन्द्र नेम्वाङले जितेका थिए।

सबै उम्मेदवार भन्छन्– जनताले विकास खोजेका छन्

● **डम्बर खड्का**, कांग्रेस उम्मेदवार

विगतदेखि नै जनताको घरदैलोमै छु। यसअघि तीन महिना जनताको घर-घरमा पुगेको छु। यसपटक तपाईंले गरेको दुःखको मूल्यांकन गर्छौं भनेर भन्नुभएको छ। वर्षौंदेखि बाटोघाटो, बिजुली, खानेपानी, कुलोको समस्या नै मतदाताले उठाइरहनुभएको छ। कतिपय योजना निर्वाचनमा भोट माग्ने माध्यम भएका छन्। आश्वासन मात्र जनताले पाएका छन्। यसमा जनताको गुनासो रहेको पाएँ।

● **सुहाङ नेम्वाङ**, एमाले उम्मेदवार

जनताको घरदैलोमा हामीलाई स्वागत गरिरहनुभएको छ। जनताको माया पाएका छौं। विकासको काम अघि बढाउन जनताले आग्रह गर्नुभएको छ। बाटो, पानी, बिजुलीका कुरा जनताले उठाउनुभएको छ। कसरी जीवनस्तर उकास्न सकिन्छ भनेर मतदाताले सोचेको पाइयो। सेवाहरू छरितो ढंगले पाइयोस् भन्ने रहेछ।

● **मिलन लिम्बू**, रास्वपा उम्मेदवार

हामी प्रतिनिधिसभाको निर्वाचनमा नीति निर्माणका लागि प्रतिस्पर्धा गरिरहेका छौं। तर, विगतको अभ्यासले भौतिक विकासको साझेदार र नेतृत्व गर्ने भनेर जनतालाई बुझाइएको छ। पुल, बाटो बनाउने भनेर भोट मागिएको छ। तसर्थ अहिले मत माग्न घरदैलो पुग्दा जनताले यस्तो नीति बनाइदिनुस् भनेको एउटा पनि पाएको छैन। अधिकांश जनताले विकासको कुरा उठाउनुभएको छ।

● **डकेन्द्रसिंह लिम्बू**, पहिचानवादी उम्मेदवार

एकपटक सबै पालिकामा पुगेका छौं। तर, धेरै ठाउँमा भित्र-भित्र जान सकेका छैनौं। अझै समय छ। यसबीचमा सबैतिर पुग्छौं। जनताबाट राम्रो प्रतिक्रिया आएको छ। स्वतन्त्र उम्मेदवारको लहर पनि आएको छ। अहिलेसम्म इलामले जिताएर पठाएका प्रतिनिधिले अपेक्षित काम गरेनन् भनेर जनताले भन्नुभएको छ। मतदाताले मत दिने आश्वासन दिनुभएको छ।

सुहाङले हारे इलामलाई घाटा : ओली



एमाले अध्यक्ष केपी ओलीले इलामको विकासका लागि सुहाङ नेम्वाङलाई जिताउन आग्रह गरेका छन्। बुधबार इलामको मंगलबारेमा भएको चुनावी सभालाई सम्बोधन गर्दै उनले सुहाङले हारे इलामलाई घाटा हुने दाबी गरे। इलाम २ मा निरन्तर जित हासिल गर्दै आएका सुवासचन्द्र नेम्वाङको सपना पूरा गर्न सुहाङलाई जिताउनुपर्ने उनले बताए। 'हामीले सुवास नेम्वाङको उद्देश्यलाई अघि बढाउने संकल्प र अठोट गरेका छौं। सुहाङ आफ्ना पिताले अघि बढाएको इलाम बनाउने अभियानलाई पूर्णता दिन भनेर आएका हुन्,' ओलीले भने, 'यहाँबाट चुनाव हार्दा उसलाई घाटा पर्दैन। तर, इलामलाई घाटा पर्छ। यस्तै कर्मठ युवालाई जिताउनुपर्छ।' उनले माओवादी, विप्लव नेतृत्वको नेकपालगायतले एमालेले देश बनाउने संकल्प लिएकै कारण एमाले उम्मेदवारलाई समर्थन गरेको दाबी गरे।

वित्तीय अस्थिरताको संवेदनशीलता

राजनीतिक अस्थिरता राजनीतिक मूल्य, संस्कार र अनुशासन अभावको परिणाम भएजस्तै आर्थिक अस्थिरता वित्तीय अनुशासनहीनताको परिणाम हो



● गोपीनाथ मैनाली

अग्रलेख

अर्थतन्त्रमा आउने उतारचढावले समाज र शासनलाई एकैचोटि प्रभाव पार्छ। राजनीतिक अस्थिरता भएको समाजमा आर्थिक अस्थिरताले सजिलै प्रवेश पाउँछ। राजनीतिक अस्थिरता राजनीतिक मूल्य, संस्कार र अनुशासन अभावको परिणाम भएजस्तै आर्थिक अस्थिरता वित्तीय अनुशासनहीनताको परिणाम हो। आर्थिक अस्थिरताको प्रभाव राजनीतिक अस्थिरताको भन्दा चोटिलो हुन्छ। किनकि, अर्थतन्त्रको प्रभावले चुलोचम्कादेखि दैनिकीका सबै क्षेत्रमा एकैचोटि आक्रमण गर्छ। राजनीतिमा चाख नराखेर वा वितृष्णा बोकेर पनि व्यक्ति बाँच्न सक्छ। तर, वित्तीय अस्थिरताबाट चाहेर पनि उम्किन सक्दैन। आर्थिक अस्थिरता र वित्तीय उच्छृंखलताको प्रभाव बहुआयामिक हुन्छ। न्यून आय हुने र श्रमजीवी वर्गलाई यसले सहन नसक्ने पीडा दिन्छ।

नेपालको अर्थतन्त्रलाई बुझ्काउने प्रतिनिधि परिसूचकलाई हेर्दा अर्थतन्त्र सुधारको व्यग्र आवश्यकता देखाउँछ। यसले नीतिशिल्पीलाई आर्थिक गतिविधि गतिशील बनाउन दबाब दिइरहेको हुनुपर्छ। सबैभन्दा महत्त्वपूर्ण सूचक आर्थिक वृद्धि हो, जसले अर्थतन्त्रको स्तर र आकारलाई देखाउँछ। अपवादका वर्षबाहेक यो सूचक सन्तोषप्रद देखिँदैन। १५ वटा आवधिक योजनामध्ये आठौंमा आर्थिक वृद्धि ५.१ मा ४.९ प्राप्त गरी उपलब्धि लक्ष्यनजिक पुगेको थियो। अन्य योजनामा लक्ष्य र उपलब्धिबीचको खाडल ठूलो छ। १५औं योजनाले सरदर ९.६ प्रतिशत र अन्तिम वर्ष १० नघाउने वृद्धिको लक्ष्य राखेको थियो। तर, चालू वर्षमा ३.१ प्रतिशतजति आर्थिक वृद्धि हुने अनुमान छ। आर्थिक वृद्धि त्यत्तिकै हुँदैन। यसका लागि लगानी र लगानीका लागि वातावरण चाहिन्छ। १५औं योजनामा झन्डै दश हजार अर्ब रुपैयाँ लगानी हुने र त्यसमा सरकारको ३९ प्रतिशत र बाँकी सरकारबाहिरका पात्रबाट हुने अनुमान थियो। तर, त्यो अनुमान प्रतिबद्धता र तत्परतामा आधारित देखिएन। न सार्वजनिक क्षेत्रले भनेजति लगानी गऱ्यो न अरूले नै। न लगानी किन भएन भनी समीक्षा नै भयो। परिणामतः योजनाले 'समृद्ध नेपाल सुखी नेपाली'को अभीष्ट पूरा गर्ने आधार बनाउने, गरिबीलाई ९.५ प्रतिशतमा झार्ने उपलब्धि हासिल भएन। आठौं योजनामा पहिलो पुस्ताको सुधारको कार्यक्रम कार्यान्वयन गरिएकाले लगानी भएको थियो। त्यसपछि आर्थिक नीतिशिल्पी कुशल देखिएननु, कार्यक्रम वितरणमुखी भए र प्राथमिकता छरियो। त्यसैले, अर्थतन्त्रमा वित्तीय शिथिलता देखियो। अहिलेसम्मका उपलब्धि आठौं योजनाका नीतिलाभ मात्र हुन्।

आर्थिक अस्थिरताको संकेत कहाँ पनि देखिन्छ भने आर्थिक विकासको स्वाभाविक गति कृषि, उद्योग र सेवा हुँदै ज्ञानमा पुग्छ। नेपालमा कृषिबाट उद्योगमा नभई सेवा क्षेत्रमा अर्थतन्त्र फड्को मारेको छ। उत्पादन संरचनामा कृषिको करिब २४.५, औद्योगिक क्षेत्रको १३.७ र सेवाको ६१.८ प्रतिशतजति हिस्सा छ। औद्योगिक क्षेत्रमा पनि उत्पादन उद्योगको हिस्सा पाँच प्रतिशतजति छ। कृषि क्षेत्रमा पर्याप्त सम्भावनाका बाबजुद खाद्य वासलात प्रतिकूल छ। सेवा क्षेत्र बढ्दो छ, तर यो जहिले पनि जोखिममा छ। उत्पादनका तीन क्षेत्रबीच पारस्परिक सम्बन्ध कमजोर हुँदा सेवा क्षेत्र आन्तरिक वा बाह्य सानो झड्काले प्रभावित हुन सक्छ। आर्थिक नीतिशिल्पीको अग्रसरता यसतर्फ देखिएको छैन।

अर्थतन्त्रको अर्को सूचक व्यापार हो। गत वर्ष रु. १६११ अर्बको व्यापार भएकोमा रु. १४५४ अर्ब घाटा भयो। आयातमा उच्च मूल्यका र प्रशोधित वस्तु र निर्यातमा निम्न मूल्यका वस्तु हुनुले आन्तरिक उत्पादनको न्यून क्षमता, न्यून प्रविधि ग्रहण र कमजोर आबद्धता देखिन्छ। 'टर्म्स अफ ट्रेड'को अवस्थाले राजस्व संरचनालाई पनि निर्धारण गर्छ। आन्तरिक सेवावस्तु बेचेर भित्र्याइएको रकम र सेवा वस्तु लिन बाहिरिएको रकमबीचको अन्तर (शोधनान्तर) सकारात्मक देखिनुमा विप्रेषण आयको योगदान छ। आन्तरिक सम्भावनाको उपयोगमार्फत अर्थतन्त्रको औद्योगिकीकरण गरी उत्पादन नगर्दासम्म यो आधार कमजोर नै रहन्छ। अहिले मुलुक आवधिक योजना र वार्षिक बजेट तर्जुमाको क्रममा रहेकाले यस तथ्यलाई ध्यान दिने आशा गर्नुपर्छ।

सरकारी वित्त संरचनाको स्थिति सुधारोन्मुख छैन। तर्जुमामा उत्साह र कार्यान्वयनमा शिथिलताले बजेट अनुमान र वास्तविकताको खाडल बढ्दै गएको छ। चालू वर्ष रु. १७५१ अर्बको बजेट तर्जुमा गरिएकोमा रु. १२४८ अर्ब आन्तरिक राजस्व, रु.



५२ अर्ब अनुदान र रु. ४५२ अर्ब ऋणको अंश कायम गरियो। बजेटको मध्यावधि समीक्षामा आकार घटाई रु. १५३० अर्ब कायम गरिएको छ। यसबाट प्रस्तावित बजेट ८७ प्रतिशत मात्र वस्तविक छ भन्ने अर्थ लाग्छ। कार्यान्वयनमा यो आँकडा अरू घट्ने संकेत अहिलेसम्मको खर्च र प्राप्तिको आँकडाले गर्छ। आगामी बजेटको प्रस्तावित सीमाले पनि बजेट वास्तविकताबाट टाढा जाला भन्ने देखिएको छ। प्रतिवर्ष अनुदान परिचालन क्षमता घट्नु र न्यून पूर्तिमा आन्तरिक ऋणले बाह्य ऋणलाई उछिन्नु राम्रो होइन। यी प्रवृत्तिले वित्तीय घाटा कम गर्ने, खर्च तथा राजस्व उत्पादन क्षमता बढाउने र अनुदानका नयाँ पात्र खोज्नुपर्ने क्षमताको माग गर्छ। साथै, सार्वजनिक वित्तमा ऋणात्मक बचत परिचालनले वित्तीय अनुशासनमा उठाएको प्रश्नको निदान पनि जरुरी छ।

> सापेक्षिक रूपमा आन्तरिक ऋण बढ्दै जानु, आन्तरिक ऋणको उपयोग अनुत्पादक क्षेत्रमा हुनु, व्यवस्थापन लागत उच्च हुनु, बाह्य ऋण खर्च समयमै नहुनु र ऋण भुक्तानीको विनिमय घाटा उच्च हुनु राम्रा वित्तीय संकेत होइनन्

सरकारको वित्तीय कार्यकुशलताको प्रभाव देखिने अर्को सूचक सार्वजनिक ऋण हो। ऋण व्यवस्थापनलाई कार्यकुशल बनाउन ऋण लिनुअघि त्यसबाट हुने आर्जन, अर्थतन्त्रमा पार्ने प्रभाव, उपयोग क्षमता, ऋण संरचनाजस्ता पक्षमा ध्यान दिनुपर्छ। ऋणको सीमालाई सरकारी खर्च, राष्ट्रिय आयमा राजस्वको अनुपात र व्याजदरले प्रभाव पार्छ। साथै, आर्थिक वृद्धिदर र न्यून वित्त परिचालनलाई सन्तुलनमा हेर्नुपर्ने हुन्छ। कुल ऋण करिब रु. २३८६ अर्ब (आन्तरिक रु. ११६९ र बाह्य रु. ११४० अर्ब) पुगेको छ। कुल गार्हस्थ्य उत्पादनमा यो करिब ४३ प्रतिशत हो, जुन विकसित तथा उदीयमान देशको तुलनामा ठूलो आकार होइन। तर, सापेक्षिक रूपमा आन्तरिक ऋण बढ्दै जानु, आन्तरिक ऋणको उपयोग अनुत्पादक क्षेत्रमा हुनु, व्यवस्थापन लागत उच्च हुनु, बाह्य ऋण खर्च समयमै नहुनु र ऋण भुक्तानीको विनिमय घाटा उच्च हुनु राम्रा वित्तीय संकेत होइनन्। साथै, राजनीतिक दलहरूको सरकारमा रहँदा र बाहिर हुँदा ऋणलाई हेर्ने दृष्टिकोणमा अन्तर आउनुले ऋण उपयोगमा राष्ट्रिय दृष्टिकोणको माग गर्छ। सहायताका सर्तमा संवेदनशीलता नदेखिँदा सहायताको शासकीय लागत बढेको छ। राष्ट्रिय प्राथमिकता र बजेट प्रणालीमार्फत मात्र सहायता स्विकार्ने राष्ट्रिय दृष्टिकोणको माग पनि यसले गरेको छ।

अर्को परिसूचक मुद्रास्फीति हो। सर्वसाधारण उच्च मूल्यवृद्धिको मारमा छन्। मौद्रिक नीतिले ६.५ प्रतिशत मुद्रास्फीतिको अनुमान (कायम गर्ने ?) गरे पनि ७.७४ प्रतिशत मुद्रास्फीतिको अनुमान छ। खाद्यान्न र अत्यावश्यकीय उपभोग्य वस्तुमा अकासिएको मूल्यवृद्धिले न्यून आय समूहका ठूलो जनहिस्सा पिल्सिएका छन्। ६ प्रतिशत आर्थिक वृद्धि गर्ने वित्त नीतिको उद्देश्य हासिल गर्न मौद्रिक नीति सफल छैन। बजेटले सधैं लोकप्रियताको कुरा गर्ने र मौद्रिक नीतिले प्राविधिक कुरा गर्ने, नीति सामर्थ्य दुवैतिर कम हुने कारणले आर्थिक अस्थिरताको समाधानमा चुनौती देखिएको छ।

अर्को प्रमुख सूचक रोजगारी हो। जनगणनाअनुसार आर्थिक रूपमा क्रियाशील उमेर समूहका मानिस ६१ प्रतिशत छ जुन जनसांख्यिक लाभ लिने अवस्था हो। तर, यीमध्ये ११ प्रतिशत पूर्ण बेरोजगार र करिब ३८ प्रतिशत विलुप्त बेरोजगारमा छन्। समय र श्रमसञ्चय गर्न सकिँदैन, जति उपयोग गरियो त्यति फाइदा दिने दुर्लभ साधन हुन्। नेपालको शिक्षा प्रणालीले शिक्षालाई श्रम, सीप र संस्कारबाट अलग्याएको छ। जनशक्ति र प्रतिष्ठानबीच आबद्धता छैन। त्यसैले सोच, सामर्थ्य भएका युवा जन्मभूमि छाडेर बाहिरिएका छन्। विदेश पढ्न जानेको खर्च मात्र खर्ब नाघेको छ। नेपाली श्रम, सीप, सिर्जना र क्षमताबाट अरू मुलुक निर्माण-पुनर्निर्माणमा छन्। अहिले नेपाल ६० को दशकको दक्षिण कोरियाको स्थितिमा छ। कोरियाले देशको अवनतिमा मन दुख्ने राजनेता पाएको हुनाले अहिल ऊ जापानलाई टक्कर दिने स्तरमा पुगेको हो भन्ने हाम्रा नेताले नबुझ्केका होइनन् होला।

बैंक तथा वित्तीय क्षेत्र अनुत्पादक क्षेत्रमा लगानी गरेर नाफा कमाइरहेका छन्। त्यो दिगो होइन भन्ने बैंकरलाई थाहा नभएको पक्कै होइन। उनीहरूसँग रहेको सुरक्षित विकल्प रोजिएको हो। यस अवस्थामा पनि निक्षेपले लगानी पाएको छैन, लगानी खराब कर्जामा परिणत हुने जोखिममा छ। अर्थतन्त्रको तेस्रो खम्बा मानिएको सहकारी आफ्ना मूल्य, मान्यता र मर्मबाट पर पुगी गैरसहकारी कार्यमा रमाउन थालेको छ। मूल्य र विधिमा नरहेका सहकारी सञ्चालकले पाएको राजनीतिक ओतले पूरै क्षेत्र अस्तित्व रक्षाको संकटमा छ। जनस्तरमा विस्तारित सहकारी क्षेत्रमा कानुन कार्यान्वयनमार्फत सर्जिकल उपचार भएन भने यसले वित्तीय उच्छृंखलताको सीमा नाघेर समग्र अर्थसामाजिक र शासकीय प्रणालीमा गम्भीर असर पार्नेछ।

अर्थतन्त्र चलायमान बनाउने नीति-निर्णय राजनीतिक हुन् तर कार्यान्वयनमा अनुशासित विज्ञता चाहिन्छ। अर्थतन्त्र गतिशील बनाउने भनेको नीति नेतृत्वमा कोही आउनेबित्तिकै हुने कुरा होइन, न इच्छा-अपेक्षा, भाषण-उद्घोष गर्नेबित्तिकै हुने कुरा नै हो। घरपरिवार तहदेखि फर्म व्यवसाय, बैंक-बजार, सरकारी निकाय र बाह्य क्षेत्रको चक्रीय कार्यबाट मात्र अर्थतन्त्र चलायमान हुन्छ। यसको मियो भने सरकार हो। लामो समयसम्म वित्तीय अल्पमत वा अस्थिरता रहेमा यसले ल्याउने असर निकै दूरगामी हुन्छ। यसर्थ वित्तीय नीतिशिल्पी राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच समन्वयात्मक अग्रसरता रहनुपर्छ, जसले तत्काल आशा जगाउन र दीर्घकालमा समृद्धि र रुपान्तरणको बिम्ब बनाउन सकोस्।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

शिक्षाविद् **तुलसी थपलिया**लाई



दलमा आबद्ध शिक्षक बर्खास्त गर्ने शिक्षामन्त्रीको निर्णयलाई कसरी हेर्नुभएको छ ?

शिक्षकहरूको दलीय आबद्धताले कक्षाकोठाभित्रको शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पर्नु हुँदैन। शिक्षामन्त्रीको यो निर्णय नौलोचाहिँ होइन। विद्यमान कानुनले अहिले नै पनि दलीय एकाइमा पदाधिकारी रहेको अवस्थामा कारबाही हुने व्यवस्था गरेकै छ। तर, त्यसो भन्दैमा कानुनले दिएको ट्रेड युनियन अधिकारलाई च्यालेन्ज गर्न भने मिल्दैन। दलमा आबद्ध शिक्षकमाथि गरिने कारबाही कानुनी, सैद्धान्तिक र व्यावहारिक रूपमा स्वीकार्य हुनुपर्छ। तर, शिक्षकले खुल्लमखुला राजनीति गर्न भने मिल्दैन। यसले उसको पदीय मर्यादा र गरिमा जोगाउँदैन। त्यसैले, यस विषयमा शिक्षक स्वयंले पनि सोच्नुपर्छ।

शिक्षामन्त्रीको यो निर्णय फगत राजनीतिक 'स्टन्ट' हो कि कार्यान्वयनको सम्भावना पनि छ ?

शिक्षामन्त्रीको यो निर्णय गलत हो त कसैले पनि भन्न सक्दैन। तर, यसको कार्यान्वयनमा व्यावहारिक र कानुनी दुवै पाटा मिलाउनुपर्छ। यसमा सबैको साथ, सहयोग र समर्थन लिएर बिस्तारै अघि बढ्नुपर्छ। सिद्धान्ततः यस निर्णयलाई च्यालेन्ज गर्नुपर्ने अवस्था छैन। तर, कार्यान्वयन चुनौतीपूर्ण भने अवश्यै छ। नागरिक समाज र शिक्षक स्वयंले पनि साथ दिने हो भने मात्र यो निर्णय कार्यान्वयन हुन सक्छ।

शिक्षकलाई दलीय राजनीतिबाट टाढा राख्न सकिन्न ?

शिक्षकको राजनीतिक संलग्नताले उसको पेसागत गरिमा बढ्दैन। उसको राजनीतिक आस्थाले विद्यालयमा देखिने उसको व्यवहार प्रतिविम्बित हुने गर्छ। त्यसैले, यस विषयमा शिक्षक महासंघ, पेसागत संघ, संगठन र स्वयं शिक्षकले पनि यसको विकल्पबारे सोच्नुपर्छ। विशुद्ध पेसागत ट्रेड युनियनका रूपमा मात्र यसलाई अघि बढाउनुपर्छ।

प्रेरक प्रसंग

आनन्दको अनुभूति

महान् विचारक कन्फ्युसियस चीनमा ठूला दार्शनिकका रूपमा परिचित थिए। चीनका सम्राट् पनि उनको धेरै आदर गर्थे। एक दिन चिनियाँ सम्राट्ले उनीसँग भने, 'कन्फ्युसियस, मलाई त्यस्तो मानिस भएको ठाउँमा लैजाऊ जो सबैभन्दा महान् छ।'

सम्राट्को आदेश खस्न नपाउँदै कन्फ्युसियसले भने, 'त्यस्तो महान् मान्छे त तपाईं आफैं हुनुहुन्छ, किनकि जसले सत्य थाहा पाउने इच्छा राख्छ ऊ नै महान् हो।' कन्फ्युसियसको जवाफ सुनेपछि एकछिन सोचेर सम्राट्ले भने, 'तिमी मलाई मभन्दा पनि महान् मानिसको बारेमा भन।'

सम्राट्को आदेश पाउनासाथ कन्फ्युसियसले भने, 'तपाईंभन्दा महान् मानिस मै हुँ, किनकि म सत्यलाई प्रेम गर्छु।'

सम्राट्ले फेरि भने, 'त्यो त हो, तिमी मभन्दा त महान् छौ। तर, मलाई त तिमीभन्दा पनि महान् मानिस चाहियो।' सम्राट्को चाहना बुझेपछि कन्फ्युसियसले भने, 'त्यसो भए ठीक छ, तपाईं मसँग हिँड्नुस्। म तपाईंलाई त्यस्तो मानिसकहाँ लिएर जान्छु, जो हामी सबैभन्दा महान् छन्।'

त्यसपछि दुवै महान् मान्छेको खोजीमा हिँडे। एक ठाउँमा उनीहरूले एउटा वृद्ध मानिसले कुवा खनिरहेको देखे। दार्शनिक कन्फ्युसियसले भने, 'सम्राट्! हेर्नुस् त, यी व्यक्ति धेरै वृद्ध भइसकेका छन्। शरीर पनि धेरै दुर्बल छ र पनि कुवा खनिरहेका छन्।' सम्राट्ले त्यसको कारण जान्न खोजे, 'यति वृद्धावस्थामा पनि उनी किन यसरी सकिनसकि कुवा खनिरहेका छन् ?' कन्फ्युसियसले जवाफ दिए, 'उनी यो सब परोपकारका लागि गरिरहेका छन् सम्राट्! उनको आनन्दको अनुभूति परोपकारमा निहित छ। जसको तनमन यस्तो आनन्दानुभूतिमा काम गर्छ, अब योभन्दा महान् को हुन सक्ला र, होइन त सम्राट् ?' सम्राट्लाई उनको तर्क चित्त बुझ्यो। उनले ती वृद्धलाई ठूलो सम्मान दिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राम्रो निर्णय, कार्यान्वयन जटिल

दलमा आबद्ध शिक्षक बर्खास्त गर्ने शिक्षा मन्त्रालयको निर्णय अति राम्रो हो। तर, यसको कार्यान्वनय भने त्यति सरल होलाजस्तो लाग्दैन। जहाँसम्म ठूला राजनीतिक दल तयार रहनुपर्ने प्रश्न छ, उनीहरूको मुख्य शक्तिको स्रोत नै शैक्षिक क्षेत्र भएको जगजाहेर छ। शिक्षक मात्र नभएर निजामती होस् या अन्य सरकारी सेवामा समेत दलका सदस्य हुन सक्ने भनेर औंला उठिरहेकै हो। उसमाथि पनि शिक्षक नेताको चुनौतीपूर्ण प्रतिक्रिया देख्दा र अस्थिर राजनीतिको माहोल हेर्दा यो कुरा पनि राम्रो काम गर्न खोजेको, तर विभिन्न कारणले कार्यान्वयन गर्न नसकिएको कामको सूचीमै सीमित हुने सम्भावना बढी देखिन्छ।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

शिक्षामन्त्रीको सराहनीय निर्णय

शिक्षामन्त्री सुमना श्रेष्ठले दलमा आबद्ध शिक्षकलाई बर्खास्त गर्ने निर्णय गरेको समाचार पढ्दा साँच्चै खुसी लाग्यो। हाम्रो देशको सरकारी शिक्षा कमजोर हुनुमा शिक्षक दलीय राजनीतिमा आबद्ध हुनु मुख्य रूपमा जिम्मेवार छ। शिक्षकहरूले पठनपाठनमा भन्दा पनि दलीय राजनीतिक गतिविधिमा बढी समय लगाउँछन्। यसले गर्दा पनि सामुदायिक विद्यालयको पठनपाठनको स्तर निकै खस्केको छ। यस्तो अवस्थामा शिक्षामन्त्रीको निर्णय सराहनीय छ।

● **अमृता कुइँकेल**
पुल्चोक, ललितपुर

शिक्षामन्त्रीलाई केही प्रश्न

शिक्षामन्त्री सुमना श्रेष्ठलाई निम्न प्रश्न सोध्न मन लाग्यो :

१. शिक्षक राजनीतिक दलको कुनै सांगठनिक पदमा भएको अवस्थामा बाहेक उसको राजनीतिक संलग्नता भनेको के हो ? २. शिक्षकले दलीय आस्था राख्नै नपाउने हो ? ३. आफूले शैक्षिक संस्थालाई दिनुपर्ने समयबाहेक बिहान-बेलुका र बिदाको दिनमा पनि शिक्षकले राजनीतिक कुरा गर्ने नपाउने हो ? ४. शिक्षकलाई ट्रेड युनियन अधिकार छ कि छैन ?

● **सन्देश परियार**
बगर, पोखरा

गगनको प्रस्ताव सम्भव छ त ?

कांग्रेस महामन्त्री गगन थापाले अबको एक वर्ष कांग्रेसले सिंहदरबार र बालुवाटार हेर्नुहुँदैन भनेर उद्घोष गरे पनि उनकै दलका नेता शेखर कोइरालाले भने दिनहुँ कांग्रेस र एमाले मिलेर तत्काल नयाँ सरकार बनाइहाल्नुपर्छ भन्दै हिँडेका छन्। भलै देउवाले भित्रभित्रै कांग्रेस-एमाले गठबन्धनको प्रयास गरिरहेका होलान्। तर, बाहिर सुनिने गरी बोलिहालेका छैनन्। देउवाले वामइतर पार्टीको सरकार बनाउन पनि प्रयास गरिरहेका छन् भन्ने सुनिन्छ। तर, त्यसका लागि रास्वपा नमिलाई सम्भव छैन जसलाई, अहिले गगन र विश्वहरूले धारेहात लाइरहेका छन्।

निकट भविष्यमा एमाले र कांग्रेसको गठबन्धन सरकार बनिहालेछ भने पनि के देउवाले शेखरलाई प्रधानमन्त्री पद देलान् त ? यो किमार्थ सम्भव छैन। शेखरलाई गगनले छोड्दैमा देउवाले छोड्छन् भन्नेमा कसैको विश्वास छैन। यसर्थ, शेखरले कांग्रेस र एमाले सरकारको शंखघोष गर्नुको अर्थ छैन। ०८४ पछि शेखर वा गगन प्रधानमन्त्री बन्ने कुरा उनीहरूको हातमा नभई जनताको हातमा निर्भर रहन्छ। व्यक्ति र पार्टी दुवैले जिते मात्र यो सम्भव हुन्छ। गगनले अलिकति साहसी र विद्रोही स्वभाव देखाएको भए अवस्था परिवर्तन हुन सक्थ्यो। सुशासन र जनहितको पक्षमा प्रस्ताव ल्याउँदा पनि आफूहरूलाई पेल्ने काम गरिन्छ भने आफूहरू पार्टीबाट निस्केर नयाँ कांग्रेस बनाउने दाबी उनले गरिरहेका छन्। उनले विद्रोह गर्ने आँट देखाएका भए मूल कांग्रेस नै गगन-विश्वको पार्टी बन्न सक्थ्यो।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

बेलायतमा ब्रेक्जिटप्रति बढ्दो असन्तुष्टि

ब्रेक्जिटमा ५२ प्रतिशले युरोपियन युनियन छोड्ने पक्षमा मतदान गरे पनि बहुमत बेलायतीले अहिले यसलाई गलत निर्णय मानेको देखिन्छ

देश / विदेश

जनमतसंग्रहपछि मतदाताले आफ्नो विचार विरलै परिवर्तन गर्छन्। क्यानडादेखि स्काटल्यान्ड, नर्वेदेखि स्विट्जरल्यान्डसम्मको अनुभवले जनमतसंग्रहको नतिजाका पक्षमा जाने प्रवृत्ति थप बढ्ने गरेको देखिन्छ। तर, ब्रेक्जिट अपवादजस्तो देखिँदै छ। सन् २०१६ मा ब्रेक्जिटका पक्षमा ५२ प्रतिशले युरोपियन युनियन छोड्ने भनी मतदान गरे पनि बेलायतीमाझ बहुमतले छोड्ने निर्णयलाई गलत रूपमा हेर्ने गरेको देखिन्छ। रिचमन्ड नाम गरेका दुई बेलायती सहरले सन् २०१६ मा फरक मत दिएका थिए। रिचमन्ड-ओभन-थेम्स, लन्डनमा ६९ प्रतिशतले नछोड्ने निर्णय गरेका थिए भने ३१ प्रतिशतले छाड्ने निर्णय गरेका थिए र यी राय थप कडा हुँदै गइरहेका छन्। स्थानीय नेता ग्यारेथ रोबर्ट्सका अनुसार ब्रेक्जिटपछिका मुद्दाले सीमामा हुने सुस्तता र राहदानी नियन्त्रणले ब्रेक्जिट विरोधलाई बलियो बनाएको छ। युरोपियन युनियन छाड्ने निर्णय गरेकामा पछुतो नभएको भन्ने रिचमन्डका एक मतदाताले समेत युनियनबाहिर व्यापार सम्झौतामा टोरिज (कन्जरभेटिभ पार्टी)को असफलतामा निराशा व्यक्त गरेका छन्।

नर्थ योर्कसायरमा रहेको अर्को रिचमन्ड सहरमा ब्रेक्जिटको पक्षमा ५७ प्रतिशतले मत दिएका थिए। मार्केट स्क्वायरमा एक युरोपियन युनियन छाड्ने मतदाताले अर्को रिचमन्डका समकक्षले झैं छाड्ने निर्णयमा पछुतो मान्दैनन्, तर ती मतदाताले ब्रेक्जिटको राम्रोसँग कार्यान्वयन नभएको र आप्रवासन घटाउने वाचा गरेका टोरिजले आप्रवासन घटाउन नसकेको भन्दै गुनासो गरेका थिए।

एक स्थानीय बार टेन्डरले सहजै छोड्ने पक्षका लागि मतदान गरेको भए पनि जनमतसंग्रह पुनः सञ्चालन भएमा आफूले ब्रेक्जिटको वास्तविक अर्थ के हो भनेर बुझ्न कडा मिहिनेत गर्ने बताएकी छिन्। रिचमन्डका पूर्वमेयर स्टुअर्ट पार्सन्सले दाबी गरेअनुसार उनका धेरै साथीले आफ्नो मन परिवर्तन गरेका छन्। विशेषतः कन्जरभेटिभबाट धोका पाएको महसुस गर्ने र भविष्यमा बन्द गरिएको सार्वजनिक अनुदानबारे चिन्तित हुने साना किसान यस समूहमा पर्छन्।

यी भाष्य राष्ट्रिय सर्वेक्षणसँग मिल्छन्। युके इन ए चेन्जिङ युरोप (युकिस) नामक 'थिंकट्यांक'ले गरेको अनुसन्धानले सन् २०१६ यता अधिकांश मतदाताले आफ्नो विचार परिवर्तन नगरेको देखाएको छ। तर, मूलतः युरोपियन युनियन छाड्ने मतलाई समर्थन गर्नेको ठूलो अनुपात (१६ देखि २० प्रतिशत) छ र यो अनुपातले अडान परिवर्तन गरेको छ। जब कि बाँकी मतदातामध्ये ६ प्रतिशतले मात्र ब्रेक्जिटलाई समर्थन गरेका थिए। यसले ब्रेक्जिटलाई धक्का दिएको देखिन्छ। समयसँगै जनसांख्यिकीले पनि भूमिका खेलिरहेको छ, अर्थात् वृद्ध मतदाताले मुख्य रूपमा युरोपियन युनियन छोड्नेतर्फ मतदान गरेका थिए जब कि युवा मतदाताले यसको कडा विरोध गरेका थिए। सन् २०१६ मा अनिर्णीत वा मतदान नगर्ने जमातले अहिले ब्रेक्जिटको कडा विरोध गरिरहेका छन्। निराशाका विभिन्न कारण मौजुद छन्। युकिससँग सम्बन्धित सर्वेक्षणकर्ता सर जोन कर्टिसले सन् २०१६ देखि आर्थिक चिन्तालाई लिएर जोड दिएका छन्, जसलाई उनी आप्रवासन निराशाभन्दा बढी महत्त्वपूर्ण ठान्छन्। लिबरल डेमोक्र्याट सांसद सारा ओल्नीले युरोपियन युनियन अभियानबाट भएको भ्रमको श्रेय बेइमानीलाई दिन्छिन्। राजनीतिक पण्डित पिटर केलनरले धेरै ब्रेक्जिट समर्थक आफ्नो विजयको परिणामका लागि तयार थिएनन्, जुन सामान्यतया पूर्वजनमतसंग्रहको परिदृश्यभन्दा विपरीत हो।

राजनीतिक पृष्ठभूमिमा हुने परिवर्तनले महत्त्व राख्छ। योर्कसायरको रिचमन्डका लागि सांसद एवं ब्रेक्जिटका मुखर समर्थक ऋषि सुनकको नेतृत्वमा कन्जरभेटिभ छोड्ने निर्णयसँग मतदाताको विचार जोडिएका छन्। पार्टीको असन्तुष्टि र पाँच वर्षमा चार प्रधानमन्त्रीको अराजकताले टोरी (कन्जरभेटिभ) लाई बदनाम गरेको छ।



तस्बिर : गेटी इमेजेस

जसरी टोरीले ब्रेक्जिटको दृष्टिकोणलाई धमिलो पारेका छन् त्यसैगरी ब्रेक्जिटले अर्को चुनावमा टोरीलाई चोट पुऱ्याउने सम्भावना छ। सन् २०१६ मा छाड्ने पक्षमा मतदान गर्ने धेरैले युरोपियन युनियन छोड्दा अझै पनि दीर्घकालीन फाइदा हुनुपर्छ भन्छन्, तर आफूले धेरै प्रगति महसुस गर्न नसकेको बताउँछन्। यो समूह अब टोरिजविरुद्ध गएको छ र समूहले विद्रोही दक्षिणपन्थी रिफर्म पार्टीलाई पनि प्राथमिकता दिन सक्छ। यसका विपरीत सन् २०१६ मा ब्रेक्जिटको विरोध गर्नेले यसले निम्त्याउने आर्थिक प्रभावसँग डराउनु सही थियो भन्ठान्छन्। पहिले जो टोरी थिए अब उनीहरूमध्ये धेरै लेबर पार्टीतर्फ फिर्ता आइरहेका छन्।

अधिकांश मतदाता ब्रेक्जिटको विपक्षमा भए पनि यसबारे पुनः बहस गर्ने दृढ इच्छा राख्दैनन्। यसको अलोकप्रियताका बाबजुद ब्रेक्जिट अब एक प्रमुख राजनीतिक मुद्दा होइन। केही बाँकी भावुक मानिस पनि युरोपियन युनियनमा पुनः सामेल हुन लामो प्रयास सुरु गर्ने विचारमा अनिश्चित छन्। ब्रेक्जिटमा व्यापक छलफलको बेवास्ता गर्ने लेबर पार्टीको रणनीति अर्थपूर्ण छ किनभने पार्टी उत्तर र मिडल्यान्ड्समा सन् २०१६ मा ब्रेक्जिटलाई समर्थन गर्ने र त्यसपछि सन् २०१९ मा कन्जरभेटिभलाई मतदान गर्ने सिट जित्ने लक्ष्य राखेका छन्।

जब लेबर पार्टी सत्ताशक्तिमा आउँछ तब युरोपियन युनियनसँग सम्बन्ध बढाउन लचिलो हुनेछ। पार्टीभित्रका कतिपयले युरोपेली नियम फराकिलो रूपमा जोडिनका लागि वकालत गर्दै हालको व्यापार सम्झौतालाई वृद्धि गर्ने मात्रै प्रस्ताव गर्छन्। सन् २०१६ को जनादेशको विश्वासघातजस्ता विचारमा टोरीको आक्रमण प्रतिध्वनित हुने सम्भावना निकै कम छ किनभने ब्रेक्जिटको आकर्षण धेरैका लागि गुमेको छ।

- द इकोनोमिस्टबाट

कंग्रेसको 'बोल्ड' घोषणापत्र

५० वर्षभन्दा बढी समय भारतको राजनीतिक परिदृश्यमा प्रभुत्व जमाएको कंग्रेस प्रधानमन्त्री नरेन्द्र मोदीको गतिशील नेतृत्वमा रहेको भारतीय जनता पार्टी (भाजपा)को दबदबामा कमजोर देखिन्छ। भारतका तीन राज्यमा सरकार रहेको भए पनि कंग्रेस अस्तित्वको संकटसँग लडिरहेको छ। आफ्नो विगतको स्थिति हासिल गर्न कंग्रेसलाई स्पष्ट दृष्टिका साथ ठूलो चिरफार आवश्यक छ। सन् २०२४ को चुनावका लागि पार्टीले ल्याएको घोषणापत्रले यसका शुभचिन्तकमाझ केही आशा जगाएको छ। यो पार्टीले अन्ततः आफ्नो नयाँ सामाजिक आधार कुन हो भन्ने चिनेजस्तो गरेको छ।



पुरानो कंग्रेसको पतन सन् १९८९ को चुनावपछि सुरु भयो। तीन घटनाले पार्टीलाई धक्का दियो। बोफोर्सवरिपरिको अभियान, भिपी सिंह सरकारद्वारा मण्डल आयोगको कार्यान्वयन र भाजपाको नेतृत्वमा राम मन्दिर आन्दोलन। राम मन्दिर आन्दोलनले उत्तर भारतमा नयाँ हिन्दू मतदाताको आधार सिर्जना गर्‍यो,जुन भाजपातर्फ आकर्षित भयो। उता आक्रामक ओबिसी/दलित नेतृत्वको उदयको कारण, उच्च जातिको वर्चस्व खतरामा परेको थियो। उत्तर प्रदेश र विहारजस्ता राज्यमा शक्तिशाली उच्च जातिले समेत सीमान्तकृत महसुस गर्न थालेका थिए। तिनको समर्थन समेत भाजपातर्फ गयो।

सन् २०१९ को हारपछि यस पार्टीले बल्ल भाजपा धेरै नै हाबी भएको बुझ्यो। पार्टीले आफ्नो हराएको आधार फिर्ता लिन केही महत्त्वपूर्ण कार्य गर्नुपर्ने आवश्यकता आईलागेको थियो। राहुलको भारत जोडो यात्रा यही अनुभूतिको परिणाम थियो। पार्टीले तल्लो तहमा पार्टीका कार्यकर्तालाई ऊर्जा दिने र मुस्लिम मतदातालाई पनि कंग्रेसतर्फ आकर्षित गर्न सुरु गरे। त्यसपछि कर्नाटक र तेलंगानामा पार्टी विजयी भयो। कंग्रेसले आफ्नो सामाजिक आधारलाई पुनर्निर्माण गर्न आवश्यक महसुस गर्‍यो। सामाजिक न्यायको राजनीतिले मात्र हिन्दुत्वको उदयलाई रोक्न सक्छ भन्ने उसले बुझ्यो। नितिश कुमारको संकेत लिएर राहुल गान्धीले जातीय जनगणनाको वकालत गर्न थाले। यद्यपि, वास्तविक 'गेम चेन्जर' आमचुनावका लागि हालै जारी गरिएको घोषणापत्र हो, जुन सामाजिक न्यायका तीन प्रमुख वाचामा केन्द्रित छ :

- कंग्रेसले ओबिसी, अनुसूचित जाति र अनुसूचित जनजातिको आरक्षणका लागि ५० प्रतिशत सीमा विस्तार गर्ने घोषणा गरेको छ।
- पार्टीले यस समूहको आरक्षण निजी संस्थाका रोजगारीमा समेत विस्तार गर्ने वाचा गरेको छ।
- पार्टीले सरकार गठनको अवसर पाएमा जातीय जनगणना गर्ने वाचा पनि गरेको छ।

पार्टीले सामाजिक न्याय समूहको अर्को सीमान्तकृत समूह महिला मतदातालाइ पनि आकर्षित गर्ने नारा ल्याएको छ

- सरकारी जागिरमा महिलालाई ५० प्रतिशत आरक्षण दिने क्रान्तिकारी वाचा।
- यसले सबै निर्वाचनमा महिलालाई ३३ प्रतिशत आरक्षण लागू गर्ने वाचा गरेको छ।
- साथै उसले विपन्न महिलालाई वार्षिक एक लाख भारु उपलब्ध गराउने वाचा गरेको छ।

निःसन्देह यी साहसी कदम हुन्। तर, कंग्रेसले अझै धेरै गर्नु छ। कंग्रेस संगठनात्मक रूपमा निकै कमजोर छ। नयाँ पुस्तालाई ठाउँ दिन नचाहेका वरिष्ठ नेता अझै पनि विगतमै अड्किएका छन्। यसमा सुधार हुनुपर्छ।

(एनडिटिभीका लागि सत्यहिन्दी डटकमका सहसंस्थापक आशुतोषको आलेख)

दुबईमा ७५ वर्षयताकै ठूलो वर्षापछि बाढी

अबुधाबी/ समुद्री आँधीले निम्त्याएको भीषण वर्षाले संयुक्त अरब एमिरेट्स (युएई)को वित्तीय सहर दुबई जलमग्न भएको छ। वर्षाले राजमार्गमा भल बग्दा आवागमन अवरुद्ध भएको थियो। त्यस्तै वर्षापछि दुबईस्थित विमानस्थल पनि पानीमा डुबेको देखिएको थियो। यात्रुलाई बुधबार अत्यावश्यक काम नभएसम्म विमानस्थल नआउन आग्रह गरिएको थियो। युएईमा २४ घन्टामै दुई सय ५४ मिलिमिटर वर्षा भएको थियो। यही मुसलधारे पानीका कारण त्यहाँका ६ लेन एक्सप्रेस-वे जलमग्न थिए। सडकमा पानीमा डुबेका वाहनको लामो लाइन बनेको थियो।

प्रहरीका अनुसार युएईका सात इमिरेटमध्येको एक रास अल-खैमामा बाढीले एक कार बगाउँदा त्यसमा सवार ७० वर्षीय व्यक्तिको मृत्यु भएको छ। समुद्री आँधी ओमानमा वितण्डा मच्चाएर सोमबारदेखि युएई र बहराइन प्रवेश गरेको थियो। आँधीका कारण ओमानमा बालबालिकासहित १८ जनाको ज्यान गएको थियो। चरम मौसमी घटनामा जलवायु परिवर्तनको भूमिकाको आकलन गर्ने मौसमविद् फ्रेडरिक ओट्टोले विश्वव्यापी तापक्रम वृद्धिले आँधीलाई थप खराब बनाएको बताए। युएईको सरकारी सञ्चारमाध्यमले जनाएअनुसार मंगलबारको वर्षा ७५ वर्षयताकै ठूलो हो।

सार्वजनिक सूचना

गुणस्तर अनुसन्धान तथा विकास केन्द्रको Gwarko Flyover Site अन्तर्गत Girder Launching गर्दा सडक प्रयोगकर्ताहरुलाई हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय ललितपुरको मिति २०८०/१२/३० गतेको निर्णयानुसार २०८१/०१/०६ देखि २०८१/०१/११ गते बेलुका १०:०० देखि बिहान ४:०० बजेसम्म सातदोबाटो देखि बालकुमारी पुलसम्म पैदलयात्रु आवतजावत तथा यातायात संचालन पूर्ण रुपमा बन्द हुने भएकोले सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ। यसबाट पर्न गएको असुविधा प्रति गुणस्तर अनुसन्धान तथा विकास केन्द्र, सडक विभाग क्षमाप्रार्थी छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
गुणस्तर अनुसन्धान तथा विकास केन्द्र

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्य बारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८१/०१/०६

यस बैंकको केन्द्रिय कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

क्र.सं.	शाखा
१	केन्द्रिय कार्यालय, कमलादी, काठमाडौं

शर्तहरु :

१. बोलपत्र फारामका लागि रु. ५,०००/- (रुपैंया पाँच हजार मात्र) पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शिर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति मिति २०८१ बैशाख १२ गते ११:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्र मिति २०८१ बैशाख १२ गते ५:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical Proposal/ Financial Proposal छुटा छुटै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ। साथै खाममा Technical Proposal / Financial Proposal प्रष्ट लेख्नु पर्नेछ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८१ बैशाख १३ बिहान ११ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस बैंकको कमलादी कार्यालयमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. शिलबन्दी बोलपत्र खरिद गर्ने दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
५. बोलपत्र फाराम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ।
६. बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शिर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको 'क' बर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ। सो बैंक ग्यारेन्टी (बिड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको हुनुपर्नेछ।
७. बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
   क. अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
   ख. मूल्यअभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि
   ग. कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile)
   घ. वाणिज्य बैंकको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र। यसरी निर्माण गरेका शाखाको लागत रु. २० लाख भन्दा माथि हुनुपर्ने
   ङ. प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी
   च. कर चुक्ता प्रमाण पत्र र
   छ. विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथिको भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण।
८. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
९. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

घारीगाउँ (चौरजहारी नयाँ शहर) जग्गा एकीकरण आयोजना रुकुम (पश्चिम) को लागि जग्गा प्राप्तिको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०६

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/१०/०३ को निर्णय अनुसार नयाँ शहर आयोजना कार्यालय क्षेत्र भित्र पर्ने हाल चौरजहारी नगरपालिका वडा न. १ रुकुम (पश्चिम) साविक विजयश्वरी गा. वि. स. वडा न ३ र ४ अन्तर्गत पर्ने तपसिलमा लेखिएका कित्ता जग्गाहरु जग्गा एकीकरण आयोजना सञ्चालन गर्न नगर विकास ऐन २०४५ को दफा १२ को उप दफा १२.१.२ बमोजिम हुने गरी जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ अनुसार जग्गा प्राप्त गरिने हुदाँ सोही ऐनको दफा ९ को उपदफा १ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएकोले सम्बन्धित सरोकारवाला जग्गाधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफनो हक दैया सम्बन्धी प्रमाणहरु लिइ आयोजना सञ्चालन गर्ने कार्यालय नयाँ शहर आयोजना कार्यालय चौरजहारी रुकुम (पश्चिम) मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

घारीगाउँ (चौरजहारी नयाँ शहर) जग्गा एकीकरण आयोजना रुकुम (पश्चिम)
चौरजहारी नगरपालिका वडा न. १ रुकुम (पश्चिम) साविक विजयश्वरी गा. वि. स. वडा न. ३

सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.
१	६०५	१५७५	१४२	८३२	३२५	२८३	१०३४	३८५	४२४	४१०१	२४८
२	६०८	३२५	१४३	८३३	५४५	२८४	१०३५	३६५	४२५	४१२७	१७०
३	६१०	३४०	१४४	८३४	५६०	२८५	१०३६	३८५	४२६	४१२८	१७०
४	६११	३१५	१४५	८३६	११५	२८६	१०३८	४०५	४२७	४१२९	१७०
५	६१३	२३५	१४६	८३७	१२५	२८७	१०४०	६०	४२८	४१९९	१४०
६	६३७	८५५	१४७	८३८	३३५	२८८	१०४१	७५	४२९	४२००	१३५
७	६३८	४६५	१४८	८३९	२५५	२८९	१०४२	१००	४३०	४२०२	४१०
८	६३९	४३५	१४९	८४०	२५०	२९०	१०४७	३५५	४३१	४२५६	१६०
९	६४०	२४५	१५०	८४१	२६५	२९१	१०५०	३२५	४३२	४२५७	१६०
१०	६४१	२५५	१५१	८४२	२४०	२९२	१०५१	३६५	४३३	४२५८	१९५
११	६४२	४३५	१५२	८४३	१६०	२९३	१०९५	३६५	४३४	४२५९	११०
१२	६४३	३९५	१५३	८४४	२१०	२९४	१७१९	३३५	४३५	४२६०	१०५
१३	६४४	१९५	१५४	८४५	१३५	२९५	१७३१	३१५	४३६	४२६१	१५५
१४	६४५	१८५	१५५	८४६	४९५	२९६	१७३२	४२५	४३७	४२६२	१६०
१५	६४६	२९५	१५६	८४७	७३०	२९७	१७३४	३३५	४३८	४२६३	१६०
१६	६५३	४७५	१५७	८४८	२३५	२९८	१७३६	३४५	४३९	४२६४	१६०
१७	६५४	३३५	१५८	८४९	२१५	२९९	१७३९	४८५	४४०	४३३१	२२१
१८	६५६	६१५	१५९	८५०	२३०	३००	१७४०	२१५	४४१	४३३५	११०
१९	६५७	११०	१६०	८५१	१०५	३०१	१७४१	२१५	४४२	४३३६	११०
२०	६५८	३४५	१६१	८५२	३५५	३०२	१७४२	२२५	४४३	४३५०	४२
२१	६५९	४३५	१६२	८५३	८३०	३०३	१७४३	२१५	४४४	४३५१	३०
२२	६६०	६६५	१६३	८५४	३३५	३०४	१७४४	६५५	४४५	४३५२	४७
२३	६६१	७४५	१६४	८६५	२०५	३०५	१७४५	७९५	४४६	४३५३	२७
२४	६६८	३३५	१६५	८६६	९५	३०६	१७४६	२५५	४४७	४३५४	१५
२५	६७१	१४५	१६६	८६८	२६५	३०७	१७४७	२५५	४४८	४३५६	६३
२६	६७२	१८५	१६७	८६९	२४०	३०८	१७४८	२५५	४४९	४३५७	३९
२७	६७३	१९५	१६८	८७०	२७५	३०९	१७५०	३०	४५०	४३५८	६३
२८	६७४	३६५	१६९	८७१	३०५	३१०	१७५१	२५	४५१	४३५९	४६
२९	६९६	९५	१७०	८७२	१८०	३११	१७५२	३०	४५२	४३६०	२९
३०	७०२	४१५	१७१	८७३	३३५	३१२	१७५३	२०	४५३	४३८७	१६२
३१	७०३	२९५	१७२	८७४	३६०	३१३	१७५४	२५	४५४	४३८८	८१
३२	७०४	४१५	१७३	८७५	५७५	३१४	१७५५	३०	४५५	४३८९	८२
३३	७०६	५२५	१७४	८७६	११५	३१५	१७५६	२५	४५६	४३९०	२५
३४	७०७	५५५	१७५	८७७	१३५	३१६	१७५७	६३५	४५७	४३९१	२५
३५	७०८	२५५	१७६	८७८	१५५	३१७	१७५८	५४५	४५८	४३९४	२७
३६	७०९	१४०	१७७	८७९	१४०	३१८	१७५९	३०	४५९	४३९५	३०
३७	७१०	३१५	१७८	८८०	१३५	३१९	१७६०	१५	४६०	४३९६	५५
३८	७११	५२५	१७९	८८१	२०५	३२०	१७६१	९२५	४६१	४३९७	३९२
३९	७१३	१३५	१८०	८८२	९७०	३२१	१७६२	१५	४६२	४३९८	४८
४०	७१४	१२०	१८१	८८८	५०	३२२	१७६३	२८५	४६३	४३९९	४५
४१	७१५	५९५	१८२	९२५	२६५	३२३	१७६४	६८५	४६४	४४००	५५
४२	७१६	३३५	१८३	९२६	६५५	३२४	१७६५	३१५	४६५	४४२६	१३०
४३	७१७	३३५	१८४	९२७	१२६०	३२५	१७६६	७१५	४६६	४४२७	१६५
४४	७१८	४१५	१८५	९२८	६६०	३२६	१७६७	२६५	४६७	४४३५	१०५
४५	७१९	४१५	१८६	९२९	६६५	३२७	१७६८	४०	४६८	४४३६	११०
४६	७२०	३९५	१८७	९३०	५०५	३२८	१७७०	३५	४६९	४४३७	४०
४७	७२१	१६५	१८८	९३१	३७५	३२९	१७७१	९०	४७०	४४३८	१०
४८	७२२	१७५	१८९	९३३	२५५	३३०	१७७२	१४२५	४७१	४४४०	६५
४९	७२३	४६५	१९०	९३४	२७०	३३१	१७७३	९१५	४७२	४४४१	१४
५०	७२४	१९५	१९१	९३५	४२५	३३२	१७७४	९२५	४७३	४४४८	१६०
५१	७२५	१९५	१९२	९३६	४३५	३३३	१७७५	३३५	४७४	४४४९	१५५
५२	७२६	२३५	१९३	९३७	९१५	३३४	१७७६	३६५	४७५	४४५७	१००
५३	७२७	४३५	१९४	९३९	३७५	३३५	१७७७	३६५	४७६	४४५८	३०५
५४	७२८	३७५	१९५	९४०	१७५	३३६	१७७८	४१५	४७७	४४६३	३६
५५	७२९	३६५	१९६	९४१	१६५	३३७	१७७९	८०५	४७८	४५११	४३
५६	७३०	३७५	१९७	९४२	१५५	३३८	१७८०	९५५	४७९	४५१३	३६
५७	७३१	२६०	१९८	९४३	२९५	३३९	१७८१	२६५	४८०	४५१४	३६
५८	७३२	२७५	१९९	९४४	२८५	३४०	१७८२	६०	४८१	४५३३	१०५
५९	७३३	१६०	२००	९४५	५५५	३४१	१७८३	५१०	४८२	४५३४	१००
६०	७३४	१२०	२०१	९४६	६०५	३४२	१७८४	३३५	४८३	४५६३	१९५
६१	७३५	१६५	२०२	९४७	४५५	३४३	१७८५	१३५	४८४	४५६४	२००
६२	७३६	१८५	२०३	९४८	१५५	३४४	१७८६	३०	४८५	४५६५	१९०
६३	७३८	४१०	२०४	९४९	६९५	३४५	१७८७	११५	४८६	४५६६	१९५
६४	७३९	१४५	२०५	९५०	६७५	३४६	१७८८	२०५	४८७	४६०८	३०
६५	७४०	२१५	२०६	९५१	२९५	३४७	१७८९	१८५	४८८	४६०९	११०
६६	७४१	२७५	२०७	९५२	२९५	३४८	१७९०	२२५	४८९	४६१०	३०
६७	७४३	१३५	२०८	९५३	३०५	३४९	१७९१	१४२५	४९०	४६११	९६
६८	७४४	१९५	२०९	९५४	३०५	३५०	१७९३	४४५	४९१	४६२५	४५
६९	७४६	१५५	२१०	९५५	५६५	३५१	१७९७	२८५	४९२	४६२७	१२०
७०	७४७	१६०	२११	९५६	१५५	३५२	१७९८	८१५	४९३	४६२८	१४५
७१	७४८	७५	२१२	९५७	१५५	३५३	१७९९	४०५	४९४	४६६५	१२५
७२	७४९	१२५	२१३	९५८	१४१५	३५४	१८००	२१५	४९५	४६६६	१२०
७३	७५०	६०	२१४	९५९	२४५	३५५	१८०१	२१५	४९६	४७०३	४२
७४	७५१	२३५	२१५	९६०	२४५	३५६	१८०२	६२५	४९७	४७०५	३८
७५	७५२	१४५	२१६	९६१	२५०	३५७	१८०३	७५५	४९८	४७०७	३६०
७६	७५३	११५	२१७	९६२	२६५	३५८	१८०४	३६५	४९९	४७०८	३५५
७७	७५५	२३५	२१८	९६३	२६५	३५९	१८०६	३५५	५००	४७०९	२५५
७८	७५६	१५५	२१९	९६४	२५५	३६०	१८०७	३२५	५०१	४७१०	२५०
७९	७५७	१२५	२२०	९६५	२५५	३६१	१८०८	३४५	५०२	४७३६	१००
८०	७५९	४६५	२२१	९६६	४४५	३६२	१८०९	१४२५	५०३	४७३७	१५५
८१	७६१	४३५	२२२	९६८	४५५	३६३	१८१०	१२७०	५०४	४७३८	२६०
८२	७६३	३६५	२२३	९६९	१७५	३६४	१८११	२१५	५०५	४७४९	१२०
८३	७६५	४१५	२२४	९७०	१९५	३६५	१८१२	१८६५	५०६	४७५०	१२५
८४	७६६	३१५	२२५	९७१	१७५	३६६	१८१३	२६५	५०७	४७५३	८१
८५	७६७	२३५	२२६	९७२	१५०	३६७	१८१४	२१५	५०८	४७५४	५४९
८६	७६८	२४०	२२७	९७३	६२५	३६८	१८१५	२५५	५०९	४७७३	१५७
८७	७६९	२२५	२२८	९७४	१५५	३६९	१८१६	७२५	५१०	४७७४	१५८
८८	७७०	३५५	२२९	९७५	१६५	३७०	१८१७	३१०	५११	४७७५	१७८
८९	७७२	४१५	२३०	९७६	१५०	३७१	१८१८	३१५	५१२	४७७६	१७७
९०	७७३	२८५	२३१	९७७	१५५	३७२	१८१९	३१५	५१३	४८०२	४९५
९१	७७५	३२५	२३२	९७८	१८५	३७३	१८२०	२८५	५१४	४८०३	४९५
९२	७७६	३६५	२३३	९७९	१९५	३७४	१८२१	२४५	५१५	४८१३	४०
९३	७७७	५२५	२३४	९८०	१५८	३७५	१८२२	२१५	५१६	४८१४	५३
९४	७७८	२६५	२३५	९८१	१५५	३७६	१८२३	२५५	५१७	४८१६	३८
९५	७७९	२०५	२३६	९८२	२५५	३७७	१८२४	४३५	५१८	४८१७	६७
९६	७८२	६६०	२३७	९८३	२६५	३७८	१८२५	३८५	५१९	४८२२	१७५
९७	७८४	२००	२३८	९८४	२१५	३७९	१८२७	३३५	५२०	४८२३	३३०
९८	७८५	५	२३९	९८५	४१५	३८०	१८२८	७०५	५२१	४८९३	१४५
९९	७८६	४४०	२४०	९८६	३८५	३८१	१८२९	६५५	५२२	४८९४	१४५
१००	७८७	३१५	२४१	९८७	३७५	३८२	१८३०	३२५	५२३	४९०४	२२८
१०१	७८८	७४५	२४२	९८८	१६५	३८३	१८३१	२९५	५२४	४९०५	२२७
१०२	७९०	२२०	२४३	९८९	१५५	३८४	१८३३	२९५	५२५	४९०६	२०८
१०३	७९१	२६५	२४४	९९०	१५५	३८५	१८३४	४५५	५२६	४९०७	२०७
१०४	७९२	१७५	२४५	९९१	३१५	३८६	१८३६	६०५	५२७	५०२२	६०
१०५	७९३	१९५	२४६	९९२	३१५	३८७	१८३७	७५	५२८	५०२३	१३५
१०६	७९४	९५	२४७	९९३	२१५	३८८	१८३८	९२५	५२९	५०२८	८४
१०७	७९५	१३५	२४८	९९५	२१५	३८९	१८३९	३५५	५३०	५०२९	८४
१०८	७९६	७५	२४९	९९६	२१५	३९०	१८४०	२०५	५३१	५०३०	८४
१०९	७९८	१११५	२५०	९९७	२०५	३९१	१८४४	६०५	५३२	५०३१	८४
११०	७९९	३८५	२५१	९९९	७३५	३९२	१८४७	४६५	५३३	५०४०	६५
१११	८००	१२५	२५२	१०००	४६५	३९३	१८४८	५२५	५३४	५०४१	३७५
११२	८०१	१७५	२५३	१००१	१७५	३९४	१८४९	१५५	५३५	५०५५	९०
११३	८०२	२७५	२५४	१००२	१६५	३९५	१९२२	३०५	५३६	५०५६	५७५
११४	८०३	९५	२५५	१००३	१५५	३९६	३५२८	२३०	५३७	५०७६	९०
११५	८०४	९५	२५६	१००४	१५५	३९७	३५२९	२२५	५३८	५०७७	६९
११६	८०५	२१५	२५७	१००६	८६५	३९८	३६०९	२०५	५३९	५०७८	६५
११७	८०६	७५	२५८	१००७	२४५	३९९	३६१०	२००	५४०	५०७९	६३
११८	८०७	८५	२५९	१००९	१००	४००	३६१२	४५०	५४१	५०८०	६६
११९	८०८	७५	२६०	१०१०	१००	४०१	३६१३	१६०	५४२	५०८७	७२
१२०	८०९	२८५	२६१	१०११	२२५	४०२	३६१४	१६५	५४३	५०८८	७८
१२१	८१०	२८५	२६२	१०१२	१३१५	४०३	३६२२	१९५	५४४	५०८९	१२५
१२२	८११	२५५	२६३	१०१३	३५५	४०४	३६२६	६००	५४५	५०९०	१३०
१२३	८१२	२३५	२६४	१०१४	२४५	४०५	३७६९	१४५	५४६	५११२	८५
१२४	८१३	२९५	२६५	१०१५	२४५	४०६	३८२०	५४५	५४७	५११३	१५०
१२५	८१४	२०५	२६६	१०१६	१४५	४०७	३८३६	१२५	५४८	५१३९	१०८
१२६	८१५	१६५	२६७	१०१७	२८५	४०८	३८३७	२५	५४९	५१४१	४०
१२७	८१६	१९५	२६८	१०१८	२५५	४०९	३८४५	२३०	५५०	५१४२	४०
१२८	८१७	१७५	२६९	१०१९	१३५	४१०	३८४६	४५५	५५१	५१४३	३८
१२९	८१९	१५५	२७०	१०२०	११५	४११	३८५६	८०	५५२	५१४४	३८
१३०	८२०	१९५	२७१	१०२१	११५	४१२	३८५७	८०	५५३	५१५७	४९५
१३१	८२१	१५५	२७२	१०२२	१४५	४१३	३८५८	८०	५५४	५१५८	४९५
१३२	८२२	१५५	२७३	१०२३	१४५	४१४	३८६६	९०	५५५	५२०३	२२२
१३३	८२३	६३५	२७४	१०२४	१५५	४१५	३८६९	२३५	५५६	५२०४	२२३
१३४	८२४	१३५	२७५	१०२५	१२५	४१६	३८७०	२४०	५५७	५२२२	६०
१३५	८२५	१३५	२७६	१०२६	१२५	४१७	३८७१	२३५	५५८	५२२३	६०
१३६	८२६	११५	२७७	१०२७	३५०	४१८	३८७२	२३०	५५९	५२२६	७५
१३७	८२७	११५	२७८	१०२८	३१५	४१९	३८७८	९	५६०	५२२७	८०
१३८	८२८	११५	२७९	१०२९	३०५	४२०	४०३०	११५	५६१	५२२८	५७५
१३९	८२९	१६०	२८०	१०३०	१६०	४२१	४०७७	११२	५६२	५२२९	५७५
१४०	८३०	६२५	२८१	१०३१	१६५	४२२	४०७८	११८			
१४१	८३१	४३५	२८२	१०३२	४७५	४२३	४१००	२४७			

पुनश्च :

कि.नं. ९२४ क्षेत्रफल १८५ व.मी. मध्ये ११४.९४ व.मी. प्राप्ति गरिने
कि.नं. ८८४ क्षेत्रफल ७५५ व.मी. मध्ये १९२.८३ व.मी. प्राप्ति गरिने
कि.नं. ८८३ क्षेत्रफल ९५५ व.मी. मध्ये ८७.०० व.मी. प्राप्ति गरिने
कि.नं. ३९८४ क्षेत्रफल ४६५ व.मी. मध्ये ९३.५८ व.मी. प्राप्ति गरिने
कि.नं. ३९८३ क्षेत्रफल २४० व.मी. मध्ये १०८.०२ व.मी. प्राप्ति गरिने
कि.नं. ३६१२ क्षेत्रफल ४५० व.मी. मध्ये ९०.४३ व.मी. प्राप्ति गरिने
कि.नं. ३६११ क्षेत्रफल ४५० व.मी. मध्ये ६०.२८ व.मी. प्राप्ति गरिने
कि.नं. ८५६ क्षेत्रफल ४२५ व.मी. मध्ये २८.६४ व.मी. प्राप्ति गरिने

घारीगाउँ (चौरजहारी नयाँ शहर) जग्गा एकीकरण आयोजना रुकुम (पश्चिम)
चौरजहारी नगरपालिका वडा न. १ रुकुम (पश्चिम) साविक विजयश्वरी गा. वि. स. वडा न. ४

सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.	सि.नं.	कि.नं.	क्षेत्रफल ब.मी.
१	१३४६	९५	१४५	१६०८	१२५	२८९	१७७२	८०	४३३	१९४९	५००
२	१३४७	१०५	१४६	१६१०	२०५	२९०	१७७३	१८०	४३४	१९५०	५४५
३	१३४८	१८०	१४७	१६११	१२०	२९१	१७७४	१७०	४३५	१९५१	९८०
४	१३४९	४०५	१४८	१६१३	२२५	२९२	१७७५	१३५	४३६	१९५२	६९०
५	१३५०	४०	१४९	१६१६	९०	२९३	१७७६	१७५	४३७	१९५३	१७५
६	१३५१	४०	१५०	१६१७	११०	२९४	१७७७	६०	४३८	१९५४	२४०
७	१३५२	१५०	१५१	१६१८	११०	२९५	१७७९	६०	४३९	१९५५	५७५
८	१३५३	५०	१५२	१६१९	४०५	२९६	१७८०	४५	४४०	१९५६	८०
९	१३५४	१०५	१५३	१६२०	३४५	२९७	१७८१	४५	४४१	१९५७	८५
१०	१३५५	१४५	१५४	१६२१	२००	२९८	१७८३	९५	४४२	१९५९	४२५
११	१३५६	१४५	१५५	१६२२	२२०	२९९	१७८४	५०	४४३	१९६०	४८५
१२	१३५७	१४५	१५६	१६२३	२९५	३००	१७८५	४००	४४४	१९६१	३८५
१३	१३५८	१४५	१५७	१६२४	१८५	३०१	१७८६	२०५	४४५	१९७८	७०
१४	१३५९	१४०	१५८	१६२६	२९०	३०२	१७८७	४२५	४४६	१९७९	३०५
१५	१३६०	१४५	१५९	१६२८	१८५	३०३	१८०४	२२०	४४७	१९८०	२८५
१६	१३६१	१४५	१६०	१६२९	१८५	३०४	१८०५	६०	४४८	२९६०	३५०
१७	१३६३	२४५	१६१	१६३०	१७०	३०५	१८०६	६०	४४९	२९६१	३५०
१८	१३६४	७२०	१६२	१६३१	२३०	३०६	१८०७	१२५	४५०	२९६२	४००
१९	१३६५	२९०	१६३	१६३२	३०५	३०७	१८०८	९०	४५१	२९६३	४००
२०	१३६६	४२५	१६४	१६३३	१५०	३०८	१८११	४१५	४५२	२९६४	४५०
२१	१३६७	२५०	१६५	१६३४	२१०	३०९	१८१४	३०५	४५३	२९६५	४४५
२२	१३६८	४०५	१६६	१६३६	१९०	३१०	१८१५	३१५	४५४	२९७०	६०
२३	१३६९	११०	१६७	१६३८	५८०	३११	१८१६	४१३	४५५	२९७१	६०
२४	१३७०	२०५	१६८	१६३९	३०५	३१२	१८२०	१८०	४५६	२९७७	८७
२५	१३७१	१८५	१६९	१६४०	१२५	३१३	१८२१	१५०	४५७	३००४	४३५
२६	१३७२	६०	१७०	१६४१	१४५	३१४	१८२२	५५	४५८	३००५	४४०
२७	१३७३	५०	१७१	१६४२	२७०	३१५	१८२३	८५	४५९	३००६	६७५
२८	१३७४	११०	१७२	१६४३	२४०	३१६	१८२४	१३०	४६०	३००७	६७५
२९	१३७५	४०	१७३	१६४४	१३०	३१७	१८२५	२१०	४६१	३०३२	२६५
३०	१३७६	७०	१७४	१६४५	१७०	३१८	१८२६	१७५	४६२	३०३३	२६०
३१	१३७७	९०	१७५	१६४६	११५	३१९	१८२७	८५	४६३	३०५९	१७५
३२	१४५०	४०	१७६	१६४७	११५	३२०	१८२८	१७०	४६४	३०६०	९०
३३	१४५१	४५	१७७	१६४९	५००	३२१	१८२९	१६५	४६५	३०६१	१७०
३४	१४५३	३१५	१७८	१६५०	४०५	३२२	१८३०	६५	४६६	३०६८	१९०
३५	१४५४	२४५	१७९	१६५१	२५५	३२३	१८३१	५०	४६७	३०६९	१९०
३६	१४५५	१६०	१८०	१६५२	६३०	३२४	१८३२	४५	४६८	३०८६	१३५
३७	१४५६	१६०	१८१	१६५३	४००	३२५	१८३३	२८०	४६९	३०८७	१३०
३८	१४५७	१६०	१८२	१६५४	२५५	३२६	१८३४	३६५	४७०	३०८८	२६०
३९	१४५८	६१५	१८३	१६५५	१८५	३२७	१८३५	३२५	४७१	३०८९	२६०
४०	१४५९	२९५	१८४	१६५६	१६०	३२८	१८३६	५२५	४७२	३०९६	२५
४१	१४६०	२९५	१८५	१६५७	२८५	३२९	१८३७	७८५	४७३	३०९७	३०
४२	१४६२	१०५	१८६	१६५८	७०	३३०	१८३८	६१०	४७४	३०९८	३०
४३	१४६३	१०५	१८७	१६५९	१४५	३३१	१८३९	२००	४७५	३०९९	६५
४४	१४६४	२०५	१८८	१६६०	२९०	३३२	१८४०	२४५	४७६	३१००	५५
४५	१४६५	६०	१८९	१६६१	४२०	३३३	१८४१	६१०	४७७	३१०१	४५
४६	१४६७	६०	१९०	१६६२	१००	३३४	१८४२	९५	४७८	३१०२	३५
४७	१४६८	२९५	१९१	१६६३	१५०	३३५	१८४३	८५	४७९	३१०४	५०
४८	१४६९	७६०	१९२	१६६४	६०	३३६	१८४४	९५	४८०	३१०५	४०
४९	१४७०	३१०	१९३	१६६५	५५	३३७	१८४५	१७५	४८१	३१०६	४०
५०	१४७७	१२०	१९४	१६६६	४०५	३३८	१८४६	१८५	४८२	३१२८	४५०
५१	१४७८	११०	१९५	१६६७	४२०	३३९	१८४७	२००	४८३	३१२९	२२५
५२	१४७९	३१५	१९६	१६६८	४९५	३४०	१८४८	७५	४८४	३१३०	२१०
५३	१४८०	१२०	१९७	१६७१	६०	३४१	१८४९	११५	४८५	३१३१	२१०
५४	१४८१	२००	१९८	१६७२	५०	३४२	१८५१	१७५०	४८६	३१३२	२०५
५५	१४८२	२७५	१९९	१६७४	५५	३४३	१८५२	४००	४८७	३१७६	१३०
५६	१४८३	१५५	२००	१६७५	५५	३४४	१८५३	१२००	४८८	३१७७	२००
५७	१४८४	३४०	२०१	१६७६	६५०	३४५	१८५५	५३०	४८९	३२१३	२०३
५८	१४८६	१७५	२०२	१६७७	६६०	३४६	१८५६	१७५	४९०	३२१४	२०३
५९	१४८८	५०५	२०३	१६७९	१९५	३४७	१८५७	९०	४९१	३२१५	४०६
६०	१४८९	६१०	२०४	१६८०	१९५	३४८	१८५८	७०	४९२	३२२१	१७०
६१	१४९०	१९०	२०५	१६८१	१७५	३४९	१८५९	६५	४९३	३२२२	३४६
६२	१४९३	२९५	२०६	१६८२	६००	३५०	१८६०	१९५	४९४	३२३३	२३५
६३	१४९४	२५१०	२०७	१६८३	२८५	३५१	१८६१	१८०	४९५	३२३४	२३५
६४	१४९५	६२५	२०८	१६८५	३१५	३५२	१८६२	१७०	४९६	३२३५	२३५
६५	१४९६	६००	२०९	१६८६	३६०	३५३	१८६४	८२०	४९७	३२३६	४७०
६६	१४९८	१७५	२१०	१६८७	६८०	३५४	१८६५	१६५	४९८	३३१२	५५
६७	१४९९	७५	२११	१६८८	४२५	३५५	१८६६	८५	४९९	३३१३	११०
६८	१५००	११०	२१२	१६८९	४५	३५६	१८६७	८०	५००	३३१४	९५
६९	१५०१	२१०	२१३	१६९०	६५	३५७	१८६८	२८०	५०१	३३१५	२००
७०	१५०२	२८५	२१४	१६९१	६०	३५८	१८६९	३०५	५०२	३३१६	७५
७१	१५०३	२८५	२१५	१६९२	२२०	३५९	१८७०	७५	५०३	३३१७	१६५
७२	१५०४	२८०	२१६	१६९३	३८०	३६०	१८७१	८०	५०४	३३२४	५०
७३	१५०५	१२०	२१७	१६९४	२९५	३६१	१८७२	७५	५०५	३३२५	११०
७४	१५०६	७५	२१८	१६९६	११५	३६२	१८७३	३५०	५०६	३३२६	८०
७५	१५०७	२९५	२१९	१६९७	१६५	३६३	१८७५	५०५	५०७	३३२७	१००
७६	१५२२	१३०	२२०	१६९८	२४५	३६४	१८७६	२९०	५०८	३३४६	३००
७७	१५२३	१३०	२२१	१६९९	१५५	३६५	१८७७	३२५	५०९	३३४७	३००
७८	१५२४	१७५	२२२	१७००	१७०	३६६	१८७८	३७५	५१०	३३४८	३०५
७९	१५२५	१२५	२२३	१७०२	४०५	३६७	१८७९	६०	५११	३३७७	२७०
८०	१५२६	९०	२२४	१७०३	४८०	३६८	१८८०	५५	५१२	३३७८	२७०
८१	१५२७	६५	२२५	१७०४	३२५	३६९	१८८१	३०	५१३	३३७९	२७५
८२	१५२८	९५	२२६	१७०५	२८५	३७०	१८८२	३५	५१४	३३८०	२७५
८३	१५२९	१९०	२२७	१७०६	१०९०	३७१	१८८३	७५	५१५	३३८१	१२५
८४	१५३०	१६५	२२८	१७०७	१४५	३७२	१८८४	९४५	५१६	३३८२	३८०
८५	१५३१	७०	२२९	१७०८	५०	३७३	१८८५	८००	५१७	३३८३	७५
८६	१५३२	३०	२३०	१७०९	५०	३७४	१८८७	१३०	५१८	३३८४	७५
८७	१५३३	७०	२३१	१७१०	१४०	३७५	१८८८	१००	५१९	३४७१	७५
८८	१५३४	९०	२३२	१७११	१५०	३७६	१८८९	१०५	५२०	३४७२	७५
८९	१५३५	३०५	२३३	१७१२	१४५	३७७	१८९०	११०	५२१	३४७३	१२५
९०	१५३६	३१५	२३४	१७१३	२१०	३७८	१८९२	२२०	५२२	३४७४	१२५
९१	१५३७	४७०	२३५	१७१४	२२५	३७९	१८९३	२२०	५२३	३४९२	६००
९२	१५३८	४९५	२३६	१७१५	५०	३८०	१८९४	३३०	५२४	३४९३	५२०
९३	१५३९	३०५	२३७	१७१६	२१५	३८१	१८९५	१९५	५२५	३४९५	२३५
९४	१५४०	४०	२३८	१७१७	२००	३८२	१८९६	२१५	५२६	३४९६	२५५
९५	१५४१	२०	२३९	१७१८	१५०	३८३	१८९८	३१५	५२७	३५३८	६५
९६	१५४२	२०	२४०	१७१९	३३५	३८४	१८९९	२८५	५२८	३५३९	६५
९७	१५४३	२४५	२४१	१७२०	१४०	३८५	१९००	१९५	५२९	३५५८	८०
९८	१५४४	१९५	२४२	१७२१	१२५	३८६	१९०१	१४०	५३०	३५५९	७५
९९	१५४५	२४०	२४३	१७२२	२७०	३८७	१९०२	२४५	५३१	३५६०	१५०
१००	१५४६	४७०	२४४	१७२३	११०	३८८	१९०३	२८५	५३२	३५६१	१५०
१०१	१५४७	११०	२४५	१७२५	११०	३८९	१९०४	११८५	५३३	३५६२	८०
१०२	१५४८	२२५	२४६	१७२६	६५०	३९०	१९०६	५६०	५३४	३५६३	८०
१०३	१५४९	१२०	२४७	१७२७	३१५	३९१	१९०७	३६०	५३५	३५६६	३२०
१०४	१५५०	१९५	२४८	१७२८	८५	३९२	१९०८	४३०	५३६	३५६७	३२०
१०५	१५५१	२०५	२४९	१७२९	७०	३९३	१९०९	१५५	५३७	३६१२	२००
१०६	१५५२	७०	२५०	१७३०	१९०	३९४	१९१०	९५	५३८	३६२२	१९५
१०७	१५५३	४५	२५१	१७३१	२००	३९५	१९११	२५५	५३९	३६२३	१९५
१०८	१५५४	४५	२५२	१७३२	२२५	३९६	१९१२	१९०	५४०	३६२४	१९५
१०९	१५५५	९८५	२५३	१७३३	४६५	३९७	१९१३	२८५	५४१	३६२५	५९५
११०	१५५८	५१०	२५४	१७३४	९०	३९८	१९१४	१७०	५४२	३६२६	६००
१११	१५६०	३१५	२५५	१७३५	१२०	३९९	१९१५	२००	५४३	३६२७	६००
११२	१५६१	५६५	२५६	१७३६	२०५	४००	१९१६	१५५	५४४	३६३६	१५५
११३	१५६२	३४७०	२५७	१७३७	११०	४०१	१९१७	१५०	५४५	३६३७	१६०
११४	१५६५	४७५	२५८	१७३८	२८०	४०२	१९१८	३१०	५४६	३६४७	६५
११५	१५६७	२७५	२५९	१७३९	८५	४०३	१९१९	१२०	५४७	३६४८	६५
११६	१५६९	२८५	२६०	१७४०	८५	४०४	१९२०	११५	५४८	३६४९	२१३
११७	१५७१	३९०	२६१	१७४१	१६०	४०५	१९२१	१०५	५४९	३६५०	२१२
११८	१५७२	२२	२६२	१७४२	१५५	४०६	१९२२	१७०	५५०	३६९७	२५
११९	१५७३	२००	२६३	१७४३	५६०	४०७	१९२३	१००	५५१	३६९८	४२०
१२०	१५७४	२०५	२६४	१७४४	२०५	४०८	१९२४	५०५	५५२	३६९९	२५
१२१	१५७५	२१५	२६५	१७४५	२७५	४०९	१९२५	३१५	५५३	३७००	३९५
१२२	१५७६	३८५	२६६	१७४८	१९०	४१०	१९२६	३१५	५५४	३७०१	५५५
१२३	१५७८	४१५	२६७	१७४९	२०५	४११	१९२७	२४५	५५५	३७०२	४५५
१२४	१५७९	५१५	२६८	१७५०	२७५	४१२	१९२८	१९८०	५५६	३७०३	२५०
१२५	१५८१	३४५	२६९	१७५१	६०	४१३	१९२९	५८५	५५७	३७०४	२५०
१२६	१५८२	१६५	२७०	१७५२	९५	४१४	१९३०	२१५	५५८	३७१७	१२३
१२७	१५८५	१९५	२७१	१७५३	९०	४१५	१९३१	९५	५५९	३७१८	१२४
१२८	१५८७	१९०	२७२	१७५४	१३०	४१६	१९३२	७५	५६०	३७१९	१२३
१२९	१५८८	१९५	२७३	१७५५	१२५	४१७	१९३३	१५०	५६१	३७२०	१२५
१३०	१५८९	२००	२७४	१७५६	११०	४१८	१९३४	१०५	५६२	३७३१	२१०
१३१	१५९१	२८०	२७५	१७५७	८५	४१९	१९३५	५५	५६३	३७३२	२१०
१३२	१५९२	३१०	२७६	१७५८	८५	४२०	१९३६	१०५	५६४	३७४५	२४३
१३३	१५९३	६०५	२७७	१७५९	१६५	४२१	१९३७	३१०	५६५	३७४६	२४२.५
१३४	१५९६	२५५	२७८	१७६१	११५	४२२	१९३८	१५५	५६६	३७७९	२००
१३५	१५९७	२९५	२७९	१७६२	१२०	४२३	१९३९	१३०	५६७	३७८०	२०५
१३६	१५९८	३००	२८०	१७६३	२३५	४२४	१९४०	१७५	५६८	३७८१	२००
१३७	१५९९	१८०	२८१	१७६४	४२५	४२५	१९४१	१४५	५६९	३७८२	२०५
१३८	१६००	२३०	२८२	१७६५	२३५	४२६	१९४२	२४०	५७०	३७९१	३३५
१३९	१६०१	२७०	२८३	१७६६	१७०	४२७	१९४३	२६५	५७१	३७९२	३४०
१४०	१६०२	३१५	२८४	१७६७	३२०	४२८	१९४४	३१०	५७२	३७९३	३००
१४१	१६०४	२०५	२८५	१७६८	१५५	४२९	१९४५	१८०	५७३	३८१६	५००
१४२	१६०५	२०५	२८६	१७६९	१००	४३०	१९४६	१७०	५७४	३८१७	४००
१४३	१६०६	१००	२८७	१७७०	३२०	४३१	१९४७	८०			
१४४	१६०७	१०५	२८८	१७७१	१६५	४३२	१९४८	८५			

पुनश्च

कि.नं. १८१० क्षेत्रफल ९९० व.मी. मध्ये २३९.५३ व.मी.प्राप्ति गरिने
कि.नं. १७९३ क्षेत्रफल २३५ व.मी. मध्ये २२८.५१ व.मी. प्राप्ति गरिने
कि.नं. १५११ क्षेत्रफल ४६५ व.मी. मध्ये १४२.९५ व.मी. प्राप्ति गरिने
कि.नं. १५१२ क्षेत्रफल ३०५ व.मी. मध्ये ११३.६६ व.मी. प्राप्ति गरिने
कि.नं. १५१३ क्षेत्रफल २०५ व.मी. मध्ये ६५.०० व.मी. प्राप्ति गरिने
कि.नं. ३१०७ क्षेत्रफल ८० व.मी. मध्ये ६७.८७ व.मी. प्राप्ति गरिने
कि.नं. ३१०३ क्षेत्रफल ७० व.मी. मध्ये ६५.०८ व.मी. प्राप्ति गरिने
कि.नं. १५१७ क्षेत्रफल ६२५ व.मी. मध्ये १५३.१८ व.मी. प्राप्ति गरिने
कि.नं. १५१८ क्षेत्रफल ८५० व.मी. मध्ये २६५.१९ व.मी. प्राप्ति गरिने
कि.नं. १५१९ क्षेत्रफल २०० व.मी. मध्ये १०२.३५ व.मी. प्राप्ति गरिने
कि.नं. १५२० क्षेत्रफल ४७५ व.मी. मध्ये २४६.२१ व.मी. प्राप्ति गरिने
कि.नं. १५२१ क्षेत्रफल ४९५ व.मी. मध्ये ३३०.०६ व.मी. प्राप्ति गरिने

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ६ वैशाख ०८१

सुनकोशी–मरिन डाइभर्सन सुरुङको 'ब्रेक थ्रु' २६ वैशाखमा

तराईको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गतको सिँचाइ सुरुङको 'ब्रेक थ्रु' २६ वैशाखमा गरिने भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा विशेष समारोहका बीच सुरुङको ब्रेक थ्रु गरिने आयोजना निर्देशक मित्र बरालले बताए। 'ब्रेक थ्रुका लागि प्रधानमन्त्रीज्यूको समय पक्का भइसकेको छ। नेपाल सरकारसहित बागमती र मधेश प्रदेशका उच्च पदस्थ अधिकारीहरूको पनि उपस्थिति हुनेछ,' उनले भने, 'कुनै भौगोलिक तथा प्राविधिक समस्या नआएमा २६ वैशाखमा सुरुङ ब्रेक थ्रु हुनेछ।'

३ वैशाखमा सिस्नेखोला-नागढुंगा सुरुङमार्गको ब्रेक थ्रु भएको २३औँ दिनमा १३.३ किलोमिटरको सिँचाइ सुरुङ ब्रेक थ्रु गर्न लागिएको हो। चिनियाँ निर्माण कम्पनी 'चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप कम्पनी लिमिटेड'ले असोज ०७९ देखि टनेल बोरिङ मेसिन (टिबिएम) प्रविधिमार्फत उक्त सुरुङ खनिरहेको छ। हालसम्म १३.०३८ किमि सुरुङ खनिसकिएको छ। अब २६२ मिटर मात्रै खन्न बाँकी छ।

सुरुङ निर्माण गर्न सिँचाइ विभाग र कम्पनीबीच चैत ०७७ मा १० अर्ब ५ करोड ६८ लाखमा ठेक्का सम्झौता भएको थियो। २८ असोज ०७९ देखि टिबिएम मेसिनमार्फत सुरुङ खन्न सुरु गरिएको थियो। त्यसको साढे एक वर्षमा सुरुङ ब्रेक थ्रु हुन लागेको हो।

यो नेपालको दोस्रो आधुनिक सिँचाइ सुरुङ हो। यसअघि भेरी बबई सिँचाइ आयोजनामा पनि १२.२१ किमिको सुरुङ बनाइएको छ। ३ वैशाख ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त सुरुङको 'ब्रेक थ्रु' गरेका थिए। यद्यपि, उक्त परियोजना अझै सञ्चालनमा आइसकेको भने छैन।



■ सुरुङ तयार हुन डेढ वर्ष लाग्ने

यद्यपि, यो सुरुङ तयार हुन भने थप डेढ वर्ष लाग्ने बताइएको छ। यो सुरुङलाई ब्रेक थ्रु गरेर मात्रै हुँदैन, पानी बग्न (प्रवाह गर्न) योग्य बनाउनुपर्छ। त्यो रूपमा सुरुङ तयार गर्न अझै डेढ वर्ष लाग्ने आयोजना निर्देशक बरालले बताए।

ब्रेक थ्रु भएपछि भूएक्सरे गरेर सुरुङ र वरिपरिका भूभागको भौगर्भिक अध्ययन तथा अवलोकन गरिनेछ। यसैगरी, सुरुङको भुइँ र भित्तालाई विशेष रूपमा ढलान गरिनेछ। पानी नचुहिने गरि भुई र भित्ता ढलान (राउनटी) गर्नेलगायतका फिनिसिङका काम गर्नुपर्छ। यस्ता काम गर्न थप डेढ वर्ष समय लाग्ने निर्देशक बरालले बताए।

■ २८ प्रतिशत भौतिक प्रगति, असोज ०८४ मा परियोजना सञ्चालन

चैत मसान्तसम्म परियोजनाको समग्र भौतिक प्रगति भने २८ प्रतिशत पुगेको छ। यस परियोजनामा सुरुङसँगै ३१.०७ मेगावाटको जलविद्युत् आयोजना, बाँध, प्रसारण लाइन, विभिन्न सिँचाइ संरचनालगायतका पूर्वाधार बनाउनुपर्छ। त्यसमा इलेक्ट्रोमेकानिकल र प्रसारण लाइनबाहेकका पूर्वाधार र संरचनाको निर्माण भइरहेको छ।

जलविद्युत्को हेडवर्क्स, पावरहाउस, हाइड्रो मेकानिकललगायतका संरचना निर्माणका लागि गत आवमै पटेल इन्डिया र नेपालको रमन कन्ट्रक्सनले जोइन्ट भेन्चर (जेभी)सँग १२ अर्ब रुपैयाँमा ठेक्का सम्झौता गरेर काम अघि बढाइएको थियो। इलेक्ट्रोमेकानिकल र प्रसारणलाइन निर्माणका लागि खरिद प्रक्रिया अघि बढाएको निर्देशक बरालले बताए। समग्रमा असोज ०८४ भित्र परियोजना सञ्चालनमा ल्याउने गरी काम भइरहेको उनको भनाइ छ।

तराईको एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ३१.०७ मेगावाट विद्युत्समेत उत्पादन गर्ने लक्ष्यसहित यो आयोजना अघि बढाएको हो। २० फागुन ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यस आयोजनाको शिलान्यास पनि गरेका थिए।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

परियोजनामा सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीको पानीलाई सुरुङमार्फत सिन्धुलीको मरिन नदीमा खसालिनेछ। साथै, त्यसलाई हालको वाग्मती सिँचाइ आयोजनाको संरचनामार्फत धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याइने छ। साथै, पानी डाइभर्सन गर्ने क्रममै यसै आयोजनामाभित्र ३१.०७ मेगावाट क्षमताको जलविद्युत् आयोजना पनि बन्नेछ। यसका लागि सिन्धुलीको खुर्कोट बजारदेखि करिब २ किलोमिटर माथितिर सुनकोशी र तामाकोसीको दोभानदेखि करिब १ सय ५० मिटर तलतिर सुनकोशी नदीमा ब्यारेज निर्माण गरिनेछ। साथै, विद्युत् उत्पादनका लागि आवश्यक इन्टेक, डिसेन्डर पनि बनाइनेछ। उत्पादन भएको विद्युत् ४२ किलोमिटर प्रसारण लाइन निर्माण गरेर सर्लाहीको नवलपुरमा निर्माणाधीन सबस्टेसनमा जोडिनेछ।

सरकारले आफ्नै लगानीमा यो आयोजना बनाउँदै छ। पहिला यसमा ४६ अर्ब रुपैयाँ लगानी लाग्ने अनुमान गरिएको थियो। त्यसमा ११ अर्ब कम अर्थात् ३५ अर्बमा यो आयोजना बन्दै छ। आयोजना सञ्चालनमा आएपछि सुनकोशी र तामाकोसी किनारमा बसोवास गर्ने समुदायका निम्ति आयआर्जनको प्रचुर सम्भावना रहेको आयोजना व्यवस्थापन पक्षको भनाइ छ। बहुउद्देश्यीय आयोजना भएकाले त्यस क्षेत्रमा माछापालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको उल्लेख्य वृद्धि हुनेछ। साथै, मनोरञ्जन तथा ताल-जलाशयमा पर्यटन व्यवसायसमेत फस्टाउने अपेक्षा छ।

देशको तराई क्षेत्रमा विकास भई सञ्चालन भइरहेका सिँचाइ आयोजना नदी वहाब प्रणालीमा आधारित छन्। महाभारत र चुरे क्षेत्रबाट उत्पत्ति भएका नदीहरूबाट विकास भएका अधिकांश सिँचाइ प्रणालीमार्फत वर्षायाममा सबै संरचना विकास भएको जमिनमा सिँचाइ सुविधा पुग्ने गरेको छ। तर, स्रोतमा पानीको उपलब्ध नहुँदा हिउँद र वसन्तमा थोरै जमिनमा मात्र सिँचाइ सुविधा पुग्छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानतकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	**तुलसी प्रसाद श्रेष्ठ** स्थायी ठेगाना : लमजुङ जिल्ला, रम्घा गा.वि. स. वडा नं. ५ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बाबु : भिम बहादुर श्रेष्ठ बाजे : बुद्धि बहादुर श्रेष्ठ	**रमिता श्रेष्ठ** स्थायी ठेगाना : लमजुङ जिल्ला, रम्घा गा.वि.स. वडा नं. ५ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बाबु : खुम बहादुर बली पति : तुलसी प्रसाद श्रेष्ठ ससुरा : भिम बहादुर श्रेष्ठ
	धितोको विवरण सवारी मोडल: DATSUN GO T | च्यासिस नं.: G8031437 | ईन्जिन नं.: 835219C | सवारी दर्ता नं.: बा १५ च ९०६७	
२)	**सन्तोष पौडेल** स्थायी ठेगाना : नवलपरासी जिल्ला, प्रगतीनगर गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बाबु : राम कृष्ण पौडेल बाजे : नन्द लाल पौडेल	**सरु पौडेल** स्थायी ठेगाना : नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३ बाबु : देवीदास न्यौपाने ससुरा : राम कृष्ण पौडेल पति : सन्तोष पौडेल
	धितोको विवरण सवारी मोडल : DATSUN Redi- GOT(O) | च्यासिस नं. : MDHFBACDOG8310724 | इन्जिन नं.: E093799 | सवारी दर्ता नं. : बा १५ च ९२५०	
३)	**राम हरि अधिकारी** स्थायी ठेगाना: नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ९ बाबु : कुमार अधिकारी बाजे : चित्र बहादुर अधिकारी	सवारी मोडेल : Ssangyoug Tivoni AT च्यासिस नं. : KPT30B1VSJP227056 ईन्जिन नं. : 17391002131042 सवारी दर्ता नं. : प्रदेश ३-०१ ०२३ च-६००००
	जमानीकर्ताहरुको विवरण	
	१) आशिष कुमार अधिकारी स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ९ बाबु : कुमार अधिकारी बाजे : चित्र बहादुर अधिकारी	**२) कुमार अधिकारी** स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक नगर/गा.पं. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ९ बाबु : चित्र बहादुर अधिकारी बाजे : दन्ड बहादुर अधिकारी	**३) मैया अधिकारी** स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक गा.पं. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ९ बाबु : नेत्र बहादुर बस्नेत ससुरा : चित्र बहादुर अधिकारी पति : कुमार अधिकारी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै भ्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाममाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थमन्त्री र विश्व बैंकका दुई उपाध्यक्षबीच छलफल

काठमाडौं/ अर्थमन्त्री वर्षमान पुनले विश्व बैंकका उपाध्यक्षद्वय आकिहिको निसिओ र ग्वाङझे चेनसँग भेटवार्ता गरेका छन्। निसिओ विश्व बैंकका विकास वित्त (डिएफआई) परिचालन र वाङचेन पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष हुन्। दुवै उपाध्यक्षसँग मन्त्री पुनले वासिङटन डिसीस्थित विश्व बैंक मुख्यालयमा गएराति भेटेका थिए। यस्तै, उनले अमेरिकी अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)का उपाध्यक्ष रिकार्डो पुलिटीसँग पनि भेटेका छन्। विश्व बैंक उपाध्यक्ष आकिहिको निसिओसँग उनले आगामी जुनमा काठमाडौंमा विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)-२१ बैठक गर्ने नेपालको प्रस्ताव स्वीकार गरेकामा धन्यवाद दिए।

विश्व बैंकको पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङझे चेनसँग भएको भेटमा मन्त्री पुनले नेपालले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको बताए। सरकारका तर्फबाट ऊर्जा, यातायात र सहरी पूर्वाधारकेन्द्रित योजनामा जोड दिइएको उनको भनाइ थियो।

ओखलढुंगा महोत्सव सुरु

ओखलढुंगा/ दोस्रो ओखलढुंगा महोत्सव सुरु भएको छ। जिल्लाको आर्थिक, सामाजिक, कृषि, पर्यटन, जडिबुटीसहित समग्र उद्योग व्यवसायको प्रवर्द्धनका लागि दोस्रो ओखलढुंगा महोत्सव सञ्चालन गरिएको हो। महोत्सवको प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले उद्घाटन गरे। दोस्रो ओखलढुंगा महोत्सव वैशाख १५ गतेसम्म सञ्चालन हुनेछ।

महोत्सवको आकर्षणका रूपमा दिनहुँ ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुति, जातीय समुदायको झाँकी, स्थानीय उत्पादन र १५० भन्दा बढी स्टलहरू राखिएको छ। महोत्सव उद्घाटन खतिवडाले जिल्लाको पर्यटन प्रवर्द्धनमा महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

बिदा मनाउन आउने विदेशी पर्यटक ६२ प्रतिशत

पर्यटनबाट करिब ७३ अर्ब आम्दानी, पर्यटकको प्रतिदिन औसत खर्च ४१ अमेरिकी डलर



नयाँ पत्रिका

नेपाल भित्रिने कुल पर्यटकमध्ये ६२.५ प्रतिशत पर्यटक बिदा मनाउने उद्देश्यले आएको पर्यटन मन्त्रालयले जनाएको छ। सन् २०२३ मा विभिन्न देशबाट १० लाख १४ हजार ८८२ पर्यटक नेपाल भ्रमणमा आएका थिए। जसमध्ये ६ लाख ३४ हजार ३०१ पर्यटक बिदा मनाउन आएको पर्यटन मन्त्रालयले प्रकाशित गरेको पछिल्लो प्रतिवेदनमा उल्लेख छ। यस्तै, एक लाख ५४ हजार २६२ पर्यटक ट्रेकिङ र हिमाल चढ्न आएका थिए। यो संख्या कुल पर्यटकको १५.२ प्रतिशत हो। पछिल्ला वर्षहरूमा हिमाल आरोहण र ट्रेकिङका लागि आउने विदेशी पर्यटक बढ्दै गइरहेका छन्। नेपालको सगरमाथा, अन्नपूर्ण सर्किट, खप्तड, फोक्सुन्डो, डोल्पो क्षेत्र, माछापुच्छ्रे, अन्नपूर्णलगायत विभिन्न हिमालका बेसक्याम्प ट्रेकिङका आकर्षक गन्तव्य बन्दै आइरहेका छन्। साउनदेखि चैतसम्म अन्नपूर्ण क्षेत्रमा एक लाख ४४ हजार पर्यटक पुगेका छन्।

गत वर्ष धार्मिक पर्यटकको संख्या एक लाख ३३ हजार रहेको थियो, जुन कुल पर्यटकको १३.१ प्रतिशत थियो। यस्तै, अन्य उद्देश्यसहित आउने पर्यटक ९३ हजार ३७० अर्थात् ९.२ प्रतिशत रहेका थिए। नेपालको पशुपति, मुक्तिनाथ, जनकपुर, लुम्बिनीलगायतमा आउने विदेशी भक्तजनहरू धेरै हुन्छन्।

■ प्रतिव्यक्ति प्रतिदिन ४१ डलर खर्च

सन् २०२३ मा नेपाल भ्रमणमा आएका पर्यटकबाट ५४ करोड ८२ लाख अमेरिकी डलर अर्थात् करिब ७३ अर्ब रुपैयाँ (एक डलरको नेपाली विनिमयदर १३३ रुपैयाँ) आम्दानी भएको पर्यटन मन्त्रालयले जनाएको छ। पर्यटकले प्रतिव्यक्ति प्रतिदिन औसत खर्च ४१ अमेरिकी डलर खर्च गरेका छन्। सन् २०२२ मा पर्यटनबाट ३५ करोड ९७ लाख अमेरिकी डलर आम्दानी भएको थियो। त्यस वर्ष प्रतिव्यक्ति प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर थियो।

गत वर्ष पर्यटकको औसत बसाइ १३.२ दिन रहेको छ। अघिल्लो वर्ष सन् २०२२ मा औसत बसाइ १३.१ दिन, २०२१ मा १४.५, २०२० मा १५.१ दिन रहेको थियो। तथ्यांकले नेपालमा पर्यटकको औसत बसाइदर घट्दै गएको देखिन्छ। सन् १९७५ मा पर्यटकको औसत बसाइ १३.०५ दिन थियो। यसबीचमा सबैभन्दा धेरै बसाइ सन् २०२१ मा १५.५ दिन रहेको छ।

सन् २०२३ मा कतार एयरलाई उछिन्दै नेपाल एयरलाइन्स सबैभन्दा धेरै अन्तर्राष्ट्रिय यात्रु बोक्ने एयरलाइन्स बनेको छ। सन् २०२२ मा सबैभन्दा धेरै यात्रु बोक्नेमा कतार एयर थियो। गत वर्ष दोस्रो नम्बरमा कतार एयरवेज, तेस्रोमा हिमालय एयरलाइन्स, चौथोमा इन्डिगो एयर र पाँचौं नम्बरमा फ्लाई दुबई रहेका छन्।

भैरहवाको १४ बिघा जग्गामा आयल निगमको आधुनिक डिपो निर्माण सुरु

नयाँ पत्रिका

नेपाल आयल निगमले भैरहवाको रोहिणी नदी किनारछेउ बैकुण्ठापुरमा रहेको १४ बिघा जग्गामा आधुनिक डिपो निर्माण शुरु गरेको छ।

बुधबार जग्गाको रेखांकन, माटो सम्याउने र नदी किनारबाट रिटेनिङ पर्खाल निर्माण कार्य शुभारम्भ गरेसँगै डिपो निर्माणको प्रक्रियाले तीव्रता पाएको हो। हाल भैरहवानजिकै भलवारीमा रहेको निगमको डिपो बस्तीको बीचमा रहेकाले स्थानान्तर गर्नुपर्ने दबाब बढेपछि पाँच बर्षअघि खरिद गरेको जग्गामा मध्यम क्षमताको भण्डारणगृहसहितको डिपो निर्माण थालिएको परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए। 'यहाँ तीन अर्ब लागतमा भण्डारण गृह बनाउने योजनाको काम सुरु भएको छ' उनले बुधबार आयोजित कार्यक्रममा भने, 'जग्गा सम्याउने र वरिपरि बाउन्डी पर्खाल बनाउने काम सकेपछि तीन-चार महिना भित्र परियोजना निर्माणको शिलान्यास हुनेछ।'



कार्यक्रममा उपस्थित काठमाडौं विश्वविद्यालयका प्राध्यापक बिबेक बरालका अनुसार डिपो भित्र डिजेल ६ हजार ६ सय किलोलिटर, पेट्रोल तीन हजार दुई सय किलोलिटर र मट्टितेल दुई सय १० किलोलिटर अटाउने भण्डारणगृह बनाइनेछ। 'पेट्रोलको तीनवटा, डिजेलको दुईवटा र मट्टितेलको ७० किलोलिटर क्षमताको सानो तीनवटा भण्डारण गृह बन्नेछ' प्राध्यापक बरालले भने। काठमाडौं विश्वविद्यालयले यस परियोजनाको इन्जिनियरिङ, डिजाइन, लागत अनुमान तथा निर्माणको सुपरिवेक्षणमा परामर्श उपलब्ध गराउने उनले जानकारी दिए।

परियोजना प्रमुख यादवले काठमाडौं विश्वविद्यालयले डेढ महिनादेखि रोहिणी नदी-किनारमा अध्ययन गरी सुरक्षित डिपो निर्माणका लागि प्रतिवेदन उपलब्ध गराएको र सोही प्रतिवेदनका आधारमा निर्माण प्रक्रिया अघि बढाइने जानकारी दिए। 'पछिल्लो ५० वर्षदेखि यहाँ कुन दरमा बाढी आएको थियो भन्ने कुराको अध्ययन भइसकेको छ र आगामी दिनमा पनि कति ठूलो बाढी आउन सक्छ भन्ने कुराको अनुमान गरेर सोहीअनुसारको पूर्वाधार जडित डिपो हुनेछ,' उनले भने। चाँडै डिपो निर्माण सुरु गरेर ०८३ भित्र सक्ने योजना रहेको उनले जानकारी पनि दिए।

भैरहवामा प्राकृतिक ग्यास आयात गर्ने पाइपलाइन निर्माण सुरु गर्ने योजनासमेत रहेको परियोजना प्रमुख यादवले जानकारी दिए। रासायनिक मल कारखाना स्थापना गर्नका लागि लगानीकर्ता तयार भए आयल निगमले भैरहवामा प्राकृतिक ग्यास पाइपलाइनबाट उपलब्ध गराउन अध्ययन थालेको र डेढ महिनाभित्रै यो विषयलाई टुंगो लगाउने उनले बताए।

हाल डिपो निर्माण सुरु हुन लागेको वैकुण्ठापुरस्थित निगमको जग्गा ओमसियता र रोहिणी गाउँपालिकामा पर्छ। कार्यक्रममा उपस्थित रोहिणी गाउँपालिकाका अध्यक्ष मञ्जितकुमार यादवले स्थानीय वासिन्दा र जनप्रतिनिधिको समन्वयमा परियोजना अघि बढाउन आग्रह गरे। विगतमा जग्गा खरिदमा विवाद भएकाले आउँदा दिनमा कुनै पनि विवाद नआउने गरी परियोजना अघि बढाए स्थानीय तहले सक्दो सहयोग गर्ने उनले बताए।

त्यस्तै, रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले निगमको स्वामित्वमा रहेको १४ बिघा जग्गाको साँधसीमा यकिन गर्न आग्रह गरेका थिए। 'यहाँ आयल निगमको डिपो बनेपछि आर्थिक गतिविधिमा तीव्रता आउने र रोजगारी सिर्जना भई हाम्रो क्षेत्रलाई धेरै फाइदा गर्नेछ,' उनले भने, 'यो परियोजना बन्नुअघि दुईवटै गाउँपालिकाको कुन क्षेत्रमा कति जग्गा पर्छ भन्ने कुराको यकिन गरी जानकारी दिनुहोला।'

नेपालमा ओमोडाका डेढ सयभन्दा बढी गाडी बिक्री



काठमाडौं/ नेपालका लागि ओमोडा गाडीको आधिकारिक वितरक एसपिजी अटोमोबाइल्सले नेपालमा डेढ सयभन्दा बढी ओमोडा गाडी बिक्री गरेको छ। बुकिङ भएका डेढ सयभन्दा बढी गाडीको हस्तान्तरणसँगै काठमाडौंको उत्तरढोकास्थित ओमोडाको सोरुमको औपचारिक उद्घाटनसमेत गरिएको छ। उद्घाटन नेपालका लागि चीनका राजदूत सोङ चेनले गरेका हुन्। सो कार्यक्रममा शारदा ग्रुपका अध्यक्ष एसआर शारदा, ओमोडा नेपालका कन्ट्री डाइरेक्टर सोङ हुआइफु, एसपिजी अटोमोबाइल्सका निर्देशक गौरव शारदा, अटोमोबाइलका ग्रुप अध्यक्ष धीरेन तामाङलगायतको उपस्थिति थियो।

कार्यक्रममा ओमोडा खरिद गर्ने ग्राहकहरूलाई प्रमुख अतिथि राजदूत सोङले गाडीको साँचो (की) हस्तान्तरण गरेको कम्पनीले जनाएको छ।

औपचारिक रूपमा ओमोडाको बुकिङ खुला फेब्रुअरीमा ०२४ मा गरिएको थियो। अहिले नेपालमा मात्रै चार सयभन्दा बढीको बुकिङ भइसकेको र डेढ सयभन्दा बढी गाडी नेपालको सडकमा गुडिरहेको कम्पनीको दाबी छ।

लन्च भएको केही महिनाभित्रै ओमोडालाई ग्राहकले रुचाएको र अन्य प्रतिस्पर्धीको तुलनामा सर्वाधिक लोकप्रिय बनेको कम्पनीले जनाएको छ। विद्युतीय र दिगो भविष्यलाई ख्याल गर्दै एसपिजी अटोमोबाइल्सले उत्कृष्ट प्रविधियुक्त 'ओमोडा इफाइभ' मोडेल लन्च गरेको थियो।

यो गाडीको मुख्य आकर्षण भनेको अत्याधुनिक ६१ किलोवाटको लिथियम आइरन फोस्फेट ब्लेडयुक्त ब्याट्री हो, जसको प्रभावशाली ऊर्जाले एकपटकको चार्जमा 'डब्लु एलटिपी रेन्ज ४३० किमि दिन्छ।

Mayadevi Rural Municipality
Office of Rural Municipal Executive

Pakadi, Kapilvastu
Lumbini Province

Invitation for Bids

Date of publication: 2024-04-18

1. Office of Mayadevi Rural Municipality, Pakadi, Kapilvastu invites offline bids only from Nepalese eligible bidders under Standard bidding procedure.

S. N	Project ID	Name of Project	Amount (Excluding VAT &Contingency)	Bid Security	Bid Fee	Final Submission date and time
1	MRM/KAP/ 80/81-11	Construction of public park and outdoor gym at south of Mayadevi-04 pipara ward office	2074410.59	70000	3,000	2024-05-19 12:00 PM

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at website of bolpatra.
3. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np and the opening takes place at 1:00 PM on the final submission day as specified.
4. Mayadevi Rural Municipality, Pakadi reserves right to accept and reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

एनएमबिको ११औं हेरिटेज वाक



काठमाडौं/ एनएमबि बैंकले बुधबार ११औं हेरिटेज वाक कार्यक्रम सम्पन्न गरेको छ। बैंकले आफ्नो बल्खु शाखाबाट सुरु गरी कीर्तिपुरस्थित उमामहेश्वर मन्दिरपरिसरसम्मको पैदल यात्रा गरी कार्यक्रम सम्पन्न गरेको हो।

'हाम्रा सम्पदा हुन खुला संग्रहालय, इतिहास र संस्कृतिका महाविद्यालय' भन्ने नारासहित देशको ऐतिहासिक तथा सामाजिक रुपान्तरणका लागि सांस्कृतिक सम्पदा प्रवर्द्धन र साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रम सम्पन्न गरेको बैंकले जनाएको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सम्पदा संरक्षणका लागि नेपाल हेरिटेज सोसाइटीलाई पाँच लाख रुपैयाँ आर्थिक सहयोग गर्नुका साथै कीर्तिपुर महानगरपालिकालाई डस्टबिनसमेत हस्तान्तरण गरेको बैंकले जनाएको छ।

त्यसैगरी, बैंकले काठमाडौंबाहेक प्रदेश १ मा इटहरी चोकदेखि रामधुनी मन्दिरसम्म, मधेश प्रदेशमा जनकपुर शाखादेखि राममन्दिर, चितवनमा भरतपुर शाखादेखि गणेशधामसम्म एकसाथ हेरिटेज वाक गरेको छ। साथै, गण्डकी प्रदेशमा जिरो किलोमिटर शाखादेखि तालबाराही मन्दिरसम्म, लुम्बिनी प्रदेशमा गोलपार्कदेखि सिद्धबाबा मन्दिरसम्म र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा सुर्खेत शाखादेखि काँक्रेविहार मन्दिरसम्म, महेन्द्रनगर शाखादेखि सिद्धनाथ मन्दिरसम्म र धनगढी शाखा देखी कृष्ण मन्दिरसम्मसमेत एकै साथ ११औं हेरिटेज वाक कार्यक्रम सम्पन्न गरेको जनाएको छ।

हिमालयन हाइड्रो एक्स्पो तयारी अन्तिम चरणमा

काठमाडौं/ चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' को तयारी अन्तिम चरणमा पुगेको छ। लगानी सम्मेलनको पूर्वसन्ध्यामा १२, १३ र १४ वैशाखमा काठमाडौंमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त रूपमा गर्न लागेको एक्स्पोको तयारी अन्तिम चरणमा हो।

सरकारले आगामी १६ र १७ वैशाखमा गर्न लागेको लगानी सम्मेलनलाई समेत सहयोग हुने गरी 'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित एक्स्पो गरिँदै छ। एक्स्पोको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नेछन्।

ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना हुने हाइड्रो एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले यो एक्स्पो ऊर्जा विकासका लागि प्रभावकारी हुने बताए। 'सरकारलले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालिन सम्झौता भइसकेको छ। यसैगरी, बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने योजना छ। त्यो लक्ष्य प्राप्ति गर्न नेपालमा द्रुतगतिमा जलविद्युत् आयोजना बनाउनुपर्नेछ,' उनले भने, 'सोहीअनुसार ऊर्जा क्षेत्रलाई अगाडि बढाउन यसले सहयोग पुग्नेछ।'

यस्तै, एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेजका प्रबन्ध निर्देशक विजयसागर प्रधानले एक्स्पो प्रवर्द्धकलाई पनि बढी फाइदाजनक हुने बताए। 'एक्स्पोमा विदेशी कम्पनीहरूले जलविद्युत् परियोजनासम्बन्धी मेसिन तथा सामग्री प्रदर्शनीमा राख्छन्। त्यो अवस्थामा स्वदेशी प्रवर्द्धकलाई छनोटको अवसर हुन्छ। साथै, सम्बन्धीत कम्पनीसँग प्रत्यक्ष रूपमा भेटघाट गर्ने अवसर पनि हुन्छ,' उनले भने, 'यसैगरी जलविद्युत् परियोजनासम्बन्धी सामाग्री तथा मेसिस बनाउने कम्पनीलाई पनि बजार विस्तार गर्ने अवसर हुन्छ।'

यस्तै, लगानी सम्मेलनको लागि पनि यो कार्यक्रम फाइदाजनक हुने उनको भनाइ छ। 'सम्मेलनमा सोकेस हुने परियोजनामा अधिकांश ऊर्जासम्बन्धी नै छन्। त्यो अवस्थामा सम्मेलनकै पूर्वसन्ध्यामा एक्स्पो गर्दा लगानीकर्तालाई यहाँको ऊर्जा क्षेत्रबारे विस्तृत रूपमा जानकारीले बातावरण हुन्छ,' उनले भने, 'त्यो अवस्थामा यो कार्यक्रमले लगानीसमेत प्रवर्द्धन गर्छ।'

विद्युत्को आन्तरिक खपत र निर्यात बढाउने सम्भावनाबारे ज्ञान र सूचना आदान प्रदान गर्न पनि एक्स्पो उचित हुने बताइएको छ।

एक्स्पोमा ऊर्जा विकाससँग सरोकार राख्ने सबैलाई एकै थलोमा उपस्थित गराएर नीतिगत बहसका साथै नयाँ प्रविधि र उपकरणहरूको प्रर्दशनी गरिनेछ। एक्स्पोमा एक दर्जनभन्दा बढी देशका कम्पनीहरूको सहभागीता हुनेछ।

एक्स्पोमा विभिन्न सात विषयमा प्राविधिकसत्र तथा अन्तर क्रिया हुनेछ। यसैगरि, हाइड्रो पावरसम्बन्धी वस्तु तथा सेवाको नयाँ अवधारणाबारे विद्यार्थी एवं व्यक्तिगत तवरबाट आविष्कार गरेका वस्तु तथा सेवाको प्रतिस्पर्धा पनि गरिनेछ। यसैगरी, युवा पुस्तालाई हाइड्रोसम्बन्धी कार्यमा अभिरुचि बढाउन समृद्धिका लागि हरित ऊर्जा विषयगत दुई मिनेटको भिडियो उत्पादन गर्ने प्रतिस्पर्धा एक्स्पोको आकर्षण बन्नेछन्। यी दुवै विधाका प्रतिषर्धाका विजेतालाई पुरस्कारको समेत व्यवस्था गरिएको छ।

सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकलाई पोखराको बन्जीमा छुट



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र रातोपैरो-१७, पोखरास्थित बन्जी नेपाल एड्भेन्चर प्रालिबीच बन्जी सेवामा छुट दिने समझदारी भएको छ। समझदारीपत्रमा बैंकको पोखरा क्लस्टर प्रमुख रेवन्त श्रेष्ठ र बन्जी नेपालका अध्यक्ष सन्तोष भट्टराईले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार बैंकका ग्राहकले भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गरी नेपालमा बन्जी गर्दा एक हजार रुपैयाँ र जोडीले बन्जी गर्दा एक हजार पाँच सयसम्म छुट पाउने बैंकले जनाएको छ।

यो सहकार्यबाट बैंकमा कार्यरत कर्मचारी तथा ग्राहकलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा फाइदा पुग्ने विश्वास बैंकले लिएको छ।

लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०१/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१.	**नाम : मेनुका प्रधान कार्की** पतिको नाम : सुभाष प्रधान ससुराको नाम : सुर्य बहादुर प्रधान ठेगाना : का.म.न.पा. - १५, काठमाडौं हाल : रत्ननगर - ९, लालपर्सा, चितवन ना.प्र.प.नं. : २७१०६०/०७१० जि.प्र.का. काठमाडौं जारी मिति : २०६५/०३/०६ **शाखा कार्यालय : टाँडी**	**नाम : सुभाष प्रधान** बाबुको नाम : सुर्य बहादुर प्रधान बाजेको नाम : कान्छा प्रधान ठेगाना : का.म.न.पा. - १५, काठमाडौं हाल : रत्ननगर - ९, लालपर्सा, चितवन ना.प्र.प.नं. : ८४४ जि.प्र.का. काठमाडौं जारी मिति : २०५२/०४/१५
	धितोको विवरण	
	मेनुका प्रधान कार्कीको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको देवौली - ५ क, चितवन स्थित कित्ता नं. ८३५ को क्षेत्रफल क्रमशः ०-१-० (वि.क.धु.) को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क्र.सं.	ऋणीको विवरण	
२.	मने दमाईको नाती, बाबुराम दमाई (परियार) को छोरा, काभ्रे जिल्ला, मेथिन्कोट वडा नं. ९, स्थायी वतन भई हाल काभ्रे जिल्ला, नमोवुद्ध वडा नं. ३ बस्ने ना.प्र.प.नं. ८०६३१ को जारी मिति २०५५/०९/०९ (जि.प्र.का. काभ्रे) रहेका **रामेश्वर परियार (दमाई)** **शाखा कार्यालय : भकुन्डेबेसि**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. दिल बहादुर परियारको छोरी, रामेश्वर परियार (दमाई) को पत्नी काभ्रे जिल्ला, मेथिन्कोट वडा नं. ९, स्थायी वतन भई हाल काभ्रे जिल्ला, नमोवुद्ध वडा नं. ३ बस्ने ना.प्र.प.नं. ३०३०६९/४६१ को जारी मिति २०६३/११/१२ (जि.प्र.का. काभ्रे) रहेका **निर्मला परियार**	२. बाबुराम परियार दमाईको नाती, रामेश्वर परियार दमाईको छोरा, काभ्रे जिल्ला, दाप्चाकाशिखण्ड वडा नं. ४ स्थायी वतन भई हाल काभ्रे जिल्ला, नमोवुद्ध वडा नं. ३ बस्ने ना.प्र.प.नं. ३०-०१-७३-०००७१ को जारी मिति २०७३/०१/०५ (जि.प्र.का. काभ्रे) रहेका **कुवेर परियार**
	३. बाबुराम परियार दमाईको नाती, रामेश्वर परियार दमाईको छोरा, काभ्रे जिल्ला, नमोवुद्ध वडा नं. ३ काभ्रे स्थायी वतन भई हाल काभ्रे जिल्ला, नमोवुद्ध वडा नं. ३ बस्ने ना.प्र.प.नं. ३०-०१-७५-१०१२७ को जारी मिति २०७५/१२/२० (जि.प्र.का. काभ्रे) रहेका **सुजन परियार**।	
	धितोको विवरण	
	रामेश्वर परियार दमाईको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला, मेथिनकोट गा.वि.स. वडा नं. ३ (हाल नमोवुद्ध न.पा. वडा नं. ३) कित्ता नं. १६५५ को क्षेत्रफल २-१-०-२ रोपनी, को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क्र.सं.	ऋणीको विवरण	
३.	**नाम : रेडलाईन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** दर्ता कार्यालय : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता नं. १९७३९३/०७५/०७६, दर्ता मिति : २०७५/०४/१४ ठेगाना : जनकपुर - २, धनुषा **संचालक : अनिल कुमार यादव, शाखा कार्यालय : जनकपुर**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : अनिल कुमार यादव बाबुको नाम : रामवृज यादव बाजेको नाम : सिता राम यादव ठेगाना : रघुनाथपुर - ३, धनुषा हाल : जनकपुर - २, धनुषा ना.प्र.प.नं. : १७१०४२/६१५, जि.प्र.का. धनुषा जारी मिति : २०६८/१०/१७	**२. नाम : रामवृज यादव** बाबुको नाम : सिता राम यादव बाजेको नाम : महाबिर यादव ठेगाना : रघुनाथपुर - १, धनुषा हाल : जनकपुर - २, धनुषा ना.प्र.प.नं. : ३२१११२, जि.प्र.का. धनुषा जारी मिति : २०४४/११/२७
	३. नाम : रंजना कुमारी यादव पतिको नाम : अनिल कुमार यादव, ससुराको नाम : रामवृज यादव ठेगाना : रघुनाथपुर - ९, धनुषा, हाल : जनकपुर - २, धनुषा ना.प्र.प.नं. : १७१०४२/११५१, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०४/०४	
	धितोको विवरण	
	१. रामवृज यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको रघुनाथपुर - ५ हाल सबैला - १२, धनुषा स्थित कित्ता नं. २८४ को क्षेत्रफल ०-९-१३-१५ तथा रघुनाथपुर - ५ ख हाल सबैला - १२, धनुषा स्थित कित्ता नं. २९१ को क्षेत्रफल ०-१-१९-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. लुम्बिनी विकास बैंक लि. धनी भई रेडलाईन कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ऋणीको नाममा यातायात व्यवस्था कार्यालय जनकपुरमा दर्ता रहेको प्रदेश २-०२-००१च-०७७७ रहेको Mahendra Scorpio Pik UP DC S10 4WD - १ थान।	

क्र.सं.	ऋणीको विवरण	
४.	**नाम : मखुलाल ठाकुर लोहार** बाबुको नाम : बजडी ठाकुर लोहार, बाजेको नाम : लखन ठाकुर लोहार ठेगाना : बसन्तपुर -८, पर्सा, हाल : पोखरीया -१, पर्सा ना.प्र.प.नं. : ०९४७२४३९, जि.प्र.का. पर्सा, जारी मिति : २०५९/०६/०६ **शाखा कार्यालय : पोखरीया**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : सनध्या देबी पतिको नाम : मखुलाल ठाकुर लोहार ससुराको नाम : बजडी ठाकुर लोहार ठेगाना : बसन्तपुर -८, पर्सा हाल : पोखरीया -१, पर्सा ना.प्र.प.नं. : ३४-०१-६९-०५६५३ जि.प्र.का. पर्सा जारी मिति : २०६९/११/०९	**२. नाम : तेतरी देबी लोहारीन** पतिको नाम : बजड ठाकुर लोहार ससुराको नाम : लखन ठाकुर लोहार ठेगाना : बनकटवा -९, पर्सा हाल : पोखरीया -१, पर्सा ना.प्र.प.नं. : ०७९०१५७९ जि.प्र.का. पर्सा जारी मिति : २०३६/०१/१९
	धितोको विवरण	
	तेतरी देबी लोहारीन र मखुलाल ठाकुर लोहारको संयुक्त नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको पोखरीया -३, पर्सा स्थित कित्ता नं. १७ र १६ को क्षेत्रफल क्रमशः १४०.०० र १७८५.०० ब.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क्र.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
५.	**नाम : विष्णु माया घिमिरे (श्रेष्ठ)** पतिको नाम : दिपक श्रेष्ठ ससुराको नाम : हरि बहादुर श्रेष्ठ ठेगाना : तौथली -८, सिन्धुपाल्चोक हाल : का.म.न.पा.-७, चाबहिल, काठमाण्डौं ना.प्र.प.नं. : २४-०-७०-०६४५६ जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०७०/१२/१८ **शाखा कार्यालय : मंगलबजार**	**नाम : दिपक श्रेष्ठ** बाबुको नाम : हरि बहादुर श्रेष्ठ बाजेको नाम : गोरे बहादुर श्रेष्ठ ठेगाना : तौथली -८, सिन्धुपाल्चोक हाल : का.म.न.पा.-७, चाबहिल, काठमाण्डौं ना.प्र.प.नं. : १३४५०० जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०६१/०२/०३
	धितोको विवरण	
	विष्णु माया घिमिरे (श्रेष्ठ) को नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता रहेको का.म.न.पा.-६, काठमाण्डौं स्थित कित्ता नं. ५५७ को क्षेत्रफल ०-२-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क्र.सं.	ऋणीको विवरण	
